नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

● वर्ष ४ ● अंक १६६ ● २०८३ साल वैशाख २२ गते मंगलबार ● Tuesday 05, May 2026 ● सूर्योदयः बिहान ०५:२४ बजे ● सूर्यास्तः साँझ ०६:४० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## इन्धनको दुरुपयोग भएको छैनः स्वास्थ्य मन्त्रालय

**काठमाडौँ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जेन्जी आन्दोलनका क्रममा नष्ट भएका सवारीसाधनका नाममा इन्धन दुरुपयोग नभएको स्पष्ट पारेको छ।
मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले मन्त्रालयले गरेको छानबिनका क्रममा कर्मचारीले जेनजी आन्दोलनका क्रममा जलेर नष्ट भएका सवारीसाधनको नाममा इन्धन दुरुपयोग नगरेको बताए।
जेन्जी आन्दोलनका क्रममा जलेर नष्ट भएका सवारीसाधनको नाममा इन्धन दुरुपयोग भन्ने गरेको बिषय सञ्चारमाध्यममा आएपछि मन्त्रालयले गत वैशाख १५ गत छानविन समिति गठन गरेको थियो।
समितिले जलेका सवारीसाधनसम्बन्धी प्रहरी मुचुल्का, इन्धनसम्बन्धी अभिलेख, भुक्तानी विवरणलगायत सम्बन्धित कागजातको अध्ययन तथा विश्लेषणका आधारमा जलेका सवारीसाधनका नाममा इन्धन दुरुपयोग नभएको निष्कर्ष निकालेको मन्त्रालयका सहप्रवक्ता अधिकारीले जानकारी दिए। रासस

# मधेशमा कांग्रेस बाहेकको सरकार बन्ला ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा राजनीतिक सरगर्मी तीव्र बनेको छ । यसै हप्ताभित्र सरकार परिवर्तन हुने संकेत देखिएसँगै नयाँ समीकरण बनाउन दलहरू सक्रिय भएका छन्। उच्च स्रोतका अनुसार नेपाली कांग्रेसलाई बाहिर राखेर नयाँ सरकार गठन गर्ने सहमति लगभग जुटिसकेको छ । हालका मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई पदच्यूत गर्ने तयारी अन्तिम चरणमा पुगेको बताइएको छ। नयाँ बन्ने सरकारमा नेकपा एमालेको पुनरागमन हुने देखिए पनि नेतृत्व भने अन्य दलले गर्ने स्रोतको दाबी छ । त्यस्तै, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी नयाँ गठबन्धनमा समेत रहने निश्चित जस्तै भएको छ । प्रदेशसभामा हाल १ सय सांसद सक्रिय रहेका छन्, जसमा सरकार गठनका लागि कम्तीमा ५४ सांसद आवश्यक पर्छ।

**सरकार परिवर्तनको हल्ला निराधार**

मधेश प्रदेशको राजनीतिमा पुनः एकपटक ठूलो हलचल देखिएको छ। सत्तारूढ गठबन्धनभित्र बढ्दो असन्तुष्टि र दलहरूबीच तीव्र शक्ति सन्तुलनको खेल चलिरहँदा यसै साताभित्रै सरकार परिवर्तन हुन सक्ने चर्चा तीव्र बनेको छ। तर, यहीबीच मुख्यमन्त्री कृष्णप्रसाद यादवले भने यस्ता सबै अड्कलबाजीलाई अस्वीकार गर्दै सरकार स्थिर रहेको दाबी गरेका छन्।
उच्च राजनीतिक स्रोतहरूका अनुसार नेपाली कांग्रेसलाई बाहिर राख्दै नयाँ सत्ता समीकरण निर्माण गर्ने तयारी अन्तिम चरणमा पुगेको बताइएको छ । उक्त सम्भावित समीकरणमा नेकपा एमाले, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी बीच सहकार्यको खाका तयार भएको दाबी गरिएको छ।
स्रोतहरूका अनुसार एमालेको सरकारमा पुनरागमन लगभग निश्चित भए पनि नेतृत्व अन्य दललाई दिने सहमति बनेको बुझिएको छ। मधेश प्रदेशसभामा सरकार गठनका लागि ५४ सांसद आवश्यक पर्नेमा यी दलहरूको सम्भावित गठबन्धनले करिब ६२ सांसदको समर्थन जुटाइसकेको दाबी गरिएको छ।
प्रदेशसभामा हाल एमालेका २४, कांग्रेसका २२, जसपा नेपालका १८, जनमत पार्टीका १२, लोसपाका ८, माओवादी केन्द्रका ७, नेकपा (एस) का ७ र अन्य २ सांसद रहेका छन्। जसपा नेपाल र लोसपाको संयुक्त शक्ति तथा एमाले–जनमतको समर्थनले नयाँ समीकरणको आधार बलियो बनेको विश्लेषण गरिएको छ।
सरकार परिवर्तनको चर्चासँगै नेपाली कांग्रेस भित्रै पनि असन्तुष्टि बढ्दै गएको बताइन्छ। मुख्यमन्त्री यादवको कार्यशैलीप्रति असन्तुष्ट केही सांसद विपक्षीसँग नजिकिएको आरोपसमेत लागेको छ।
सरकारको कार्यसम्पादन कमजोर भएको, नीतिगत निर्णयमा अस्थिरता देखिएको तथा भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चाल्न नसकेको आरोप कांग्रेसकै नेताहरूले उठाउँदै आएका छन्।
वर्तमान सरकारमाथि विकास निर्माणका काममा अनियमितता भएको गम्भीर आरोप पनि लागिरहेको छ । विशेषगरी उपभोक्ता समिति मोडेल प्रभावकारी नभएपछि आपूर्तिकर्तामार्फत काम गराउँदा आर्थिक पारदर्शितामा प्रश्न उठेको छ। त्यसैगरी, आवास व्यवस्थापनका नाममा सरकारी संरचना प्रयोग नगरी भाडाका घरमार्फत 'कमिसन डिलिङ' भएको आरोपसमेत सार्वजनिक रूपमा चर्चामा आएको छ।
नयाँ आर्थिक वर्ष नजिकिँदै गर्दा बजेट निर्माण प्रक्रिया समेत प्रभावित भएको बताइएको छ । नीति तथा कार्यक्रमभन्दा 'कमिसन केन्द्रित' गतिविधि हाबी भएको आरोप स्रोतहरूले लगाएका छन्।
नयाँ समीकरण निर्माणमा साना दलहरूको भूमिका पनि महत्वपूर्ण देखिएको छ । जसपा नेपाल, जनमत पार्टी र लोसपाको समर्थनले सरकार गठनको गणित सहज बनाएको छ । यद्यपि माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) ले एमालेसँगको सरकारमा सहभागी नहुने संकेत दिएका छन्।
पछिल्लो साढे तीन वर्षमा मधेश प्रदेशले पाँच पटक मुख्यमन्त्री परिवर्तन भोगिसकेको छ । सरोजकुमार यादव, सतीशकुमार सिंह, जितेन्द्र सोनल हुँदै पुनः सरोजकुमार यादव र हाल कृष्णप्रसाद यादव नेतृत्वमा सरकार सञ्चालनमा छ।
बारम्बारको सत्ता फेरबदलले नीतिगत निरन्तरता कमजोर बनाउनुका साथै विकास निर्माणका कार्यहरूमा समेत प्रत्यक्ष असर परेको विश्लेषण गरिएको छ। साथै, मन्त्रालयभन्दा बाहिरका अनौपचारिक शक्ति केन्द्रहरूको प्रभाव बढ्दै गएको आरोपसमेत उठ्न थालेको छ।
यता, मुख्यमन्त्री कृष्णप्रसाद यादवले भने सरकार परिवर्तनको हल्ला पूर्ण रूपमा निराधार रहेको बताएका छन् । सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले सत्तारुढ दलहरूबीच कुनै असन्तोष नरहेको दाबी गरे।
उनका अनुसार सरकार आफ्नो नियमित गतिमा अघि बढिरहेको छ र कामकारबाहीमा कुनै अवरोध छैन। 'सत्तारुढ दलहरूको सरकार सञ्चालनमा पूर्ण सहयोग छ,' उनले भने।
कांग्रेसभित्र नेतृत्व परिवर्तनको विषय उठेको भन्ने चर्चाप्रति पनि उनले अनभिज्ञता जनाउँदै गगन थापाले सरकार सञ्चालनमा हस्तक्षेप नगरेको स्पष्ट पारे।
मुख्यमन्त्री यादवका अनुसार प्रदेश सरकार हाल बजेट कार्यान्वयन र आगामी बजेट निर्माणमा केन्द्रित छ । उनले आफ्नो नेतृत्वमा सरकार पूरा कार्यकालसम्म चल्ने विश्वास व्यक्त गर्दै अहिलेको अवस्थामा सरकार परिवर्तनको चर्चा गर्नु मधेशका लागि दुर्भाग्यपूर्ण हुने बताए।
मधेश प्रदेशको राजनीतिमा देखिएको नयाँ शक्ति समीकरणको सम्भावना र मुख्यमन्त्रीको स्थायित्व दाबीबीच स्पष्ट विरोधाभास देखिएको छ।
सरकार परिवर्तन भए पनि वा यथावत् रहे पनि, सुशासन, पारदर्शिता र विकासलाई प्राथमिकतामा राख्दै स्थायित्व कायम गर्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्न नै अब मधेश प्रदेशको भविष्य निर्धारण गर्ने मुख्य आधार बन्ने देखिन्छ।

## पूर्वाधार कार्यालयमा मोबिल पोतियो

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रलय अन्तर्गतका पूर्वाधार विकास कार्यालय वीरगंजमा सोमबार केही युवकहरूले मोबिल पोतिदिएका छन्। बिहान कार्यालय खुले लगतै ९–१० जनाको समूहमा प्रवेश गरेका युवकहरूले कार्यालयको बोर्ड र कार्यालय प्रमुख राजेश लाल कर्णको टेवलमा मोबिल पोतेका हुन्।
स्थानीय सञ्चारकर्मीसहित पुगेका युवकहरूले संघीय सरकारको भ्रष्टाचार सुन्य अभियान विपरीत यो कार्यालयले भ्रष्टाचार तथा अनियमित्तालाई कायमै राखेको आरोप लगाए।
योजना बाँडफाँडमा अनियमित्ता हुने गरेको र अतिआवश्यक स्थानमा पाउनु पर्ने योजना कमिसनको भरमा अनावश्यक ठाउँमा पठाइरहेको उनीहरूको भनाइ थियो । आक्रोशित युवकहरूले कार्यालयमा मोविल पोती सके पछि उपलब्ध सञ्चारकर्मीहरूलाई प्रतिकृया दिएका थिए।
घटना सम्बन्धमा वडा प्रहरी कार्यालय श्रीपुरका प्रमुख तथा प्रहरी निरिक्षक नवीन थापाले मोविल पोत्नेमा संलग्नहरूको खोजी भइरहेको बताए। सामाजिक सञ्जालमा उपलब्ध भिडियो फुटेज एवम् प्रत्यक्षदर्शीहरूको भनाईको आधारमा छानबिन भइरहेको प्रहरी निरीक्षक थापाको भनाइ छ।

## जनकपुरधामलाई ६ महिनाभित्र युनेस्को सूचीमा लैजाने लक्ष्य



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता तथा धनुषा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधामलाई संरक्षित क्षेत्रका रूपमा विकास गर्ने प्रक्रिया अगाडि बढिरहेको जानकारी दिएका छन्।
जनकपुरधाममा पाँचतारे होटलको शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै उनले शहरको सांस्कृतिक पहिचान संरक्षण गर्ने उद्देश्यले तीन महिनाभित्र संरक्षित क्षेत्र घोषणा गर्ने तयारी भइरहेको बताए । उनका अनुसार यसका लागि जनकपुरधाम उपमहानगरपालिकाको पहलमा नक्सांकन कार्य सम्पन्न भइसकेको छ र आवश्यक कागजात पुरातत्व विभागमा बुझाइसकिएको छ।
सांसद झाले प्रक्रिया अगाडि बढाउन पर्यटन मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गरिने र सो समितिको प्रतिवेदन मन्त्रिपरिषद्मा पेश गरिने जानकारी दिए । मन्त्रिपरिषद्ले प्रतिवेदन स्वीकृत गरेपछि छ महिनाभित्र युनेस्को को विश्व सम्पदा सूचीमा सूचीकृत गराउने लक्ष्य राखिएको उनको भनाइ छ।
उनले यस सम्पूर्ण प्रक्रिया पूरा गर्न करिब १ करोड ५० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको बताए।
साथै, जनकपुरधामका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण भए मात्रै शहरको भविष्य सुरक्षित हुने उल्लेख गर्दै यस अभियानमा सबै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको उनले जोड दिए।




## मधेशमा लागुऔषध दुर्व्यसन गम्भीर बन्दै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा लागुऔषध दुव्र्यसन जटिल सामाजिक समस्याका रूपमा उभिँदै गएको छ । भारतसँगको खुला सीमाका कारण अवैध लागुऔषध भित्रिने क्रम बढेसँगै यसको प्रभाव विशेषगरी युवापुस्तामा गहिरिँदै गएको देखिन्छ । गाउँदेखि सहरसम्मका किशोरकिशोरी र युवा दुव्र्यसनमा फस्दै जाँदा परिवार र समाज चिन्तित बनेका छन्।
यही चुनौतीलाई मध्यनजर गर्दै मधेश प्रदेश प्रहरीले 'लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३' सुरु गरेको छ । अभियानको उद्देश्य केवल नियन्त्रण र कारबाहीमा सीमित नभई सेवनकर्ताको पहिचान, सुधार र पुनस्थापनालाई प्राथमिकतामा राख्नु रहेको प्रहरीको भनाइ छ।
मधेश प्रदेश प्रहरीका सूचना अधिकारी कमल थापाका अनुसार लागुऔषध समस्या अहिले कानुनी मात्र नभई सामाजिक र मानसिक आयामसँग जोडिएको विषय बनिसकेको छ । 'हामी सेवनकर्तालाई अपराधी होइन, सुधार गर्नुपर्ने व्यक्तिका रूपमा हेर्छौं,' उनले बताए।
प्रदेश प्रहरी प्रमुख डीआइजी गोविन्द थपलियाले आठै जिल्लाका प्रहरी प्रमुखलाई अभियान प्रभावकारी बनाउन स्पष्ट निर्देशन दिइसकेको जनाइएको छ । उनका अनुसार अब परम्परागत कारबाही मात्र पर्याप्त छैन, त्यसैले पहिचान, निगरानी, नियन्त्रण र सुधारलाई सँगै अघि बढाइनेछ।
महोत्तरी, धनुषा, सर्लाही, सिराहा र पर्साजस्ता सीमावर्ती जिल्लामा लागुऔषधको समस्या झन् गम्भीर देखिएको छ । खुला सीमाका कारण साना नाका र अनधिकृत बाटो प्रयोग गरी लागुऔषध भित्र्याउने क्रम बढिरहेको प्रहरीको निष्कर्ष छ।
महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार सीमाबाट भित्रिने लागुऔषध सिधै युवाहरूको हातमा पुग्ने गरेको छ । विद्यालय र कलेज अध्ययनरत किशोरकिशोरीहरू यसको मुख्य सिकार बन्दै गएको उनले बताए।
उनका अनुसार साथीभाइको प्रभाव, बेरोजगारी, पारिवारिक तनाव र जिज्ञासाबाट सुरु हुने सेवन बिस्तारै लतमा परिणत हुने गर्छ । अहिले सीमामा निगरानी कडा पारिएको र मुख्य नाकाहरूमा ड्रग टेस्टिङ चेकपोइन्ट स्थापना गर्ने तयारी भइरहेको पनि उनले जानकारी दिए । जिल्ला प्रहरी


बाँकी पृष्ठ २ मा

# व्यवसायी गोल्छालाई धरौटी वा जमानतमा छाड्न आदेश

**काठमाडौँ।**
सर्वोच्च अदालतले केन्द्रीय अनुसन्धान ब्युरोको थुनामा रहेका व्यवसायी शेखर गोल्छालाई धरौटी वा जमानतमा छाड्न आदेश दिएको छ।

न्यायाधीशद्वय महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको संयुक्त इजलासले आज केन्द्रीय अनुसन्धान ब्युरो लाजिम्पाटमा थुनामा रहेका व्यवसायी गोल्छाकी पत्नी सीमा गोल्छाले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै धरौटी वा जमानतमा छाड्न आदेश गरेको हो।

‘अनुसन्धान अधिकारीले धरौटी वा जमानत माग नगरी अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति लिने दिने कार्य भएको हुँदा निजलाई हिरासतमा राख्ने गरी भएको मिति २०८३/१/११ र २०८३/१/२१ समेतका आदेश उत्प्रेषणको आदेशले बदर हुनेछ,’ आदेशमा भनिएको छ, ‘अब धितोपत्रसम्बन्धी कसुरका हकमा यी निवेदकसँग धरौटी वा जमानत माग गरी उल्लिखित दफा १०४ को कानूनी व्यवस्थाअनुसार आवश्यक अनुसन्धान गर्न र धरौटी वा जमानत दिन नसकेको अवस्थामा मात्र हिरासतमा राखी अनुसन्धान गर्न परमादेश जारी गरिएको छ।’



व्यवसायी गोल्छालाई यही वैशाख ११ पक्राउ गरिएको थियो। नेपाल धितोपत्र बोर्डको छानबिन प्रतिवेदनका आधारमा थप अनुसन्धान गर्न भन्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले उहाँलाई पक्राउ गरेको थियो।

**भट्टलाई २४ घण्टाभित्र अदालतमा उपस्थित गराउन आदेश**

सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा थुनामा रहेका व्यवसायी दीपक भट्टलाई २४ घण्टाभित्र अदालतमा उपस्थित गराउन आदेश गरेको छ।

न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले आज व्यवसायी भट्टकी पत्नी आयुस्मा नेपालले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक २४ घण्टाभित्र बन्दीसहित उपस्थित गराउन आदेश गरेको हो।

व्यवसायी भट्टकी श्रीमतीले यही वैशाख १८ गते काठमाडौँ जिल्ला अदालत, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र महानगरीय प्रहरी प्रभाग सानेपालाई विपक्षी बनाएर सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए।

‘यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ?,’ आदेशमा भनिएको छ, ‘आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत उल्लेख गरी यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक २४ घण्टाभित्र बन्दीसहित उपस्थित गराइ महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू।’

आदेशमा अनुसन्धान भइरहेको मिसिल फाइलको एक–एकप्रति पेसीकै दिन ल्याएर फिर्ता लैजाने गरी महान्यायाधिवक्ता कार्यालयमार्फत झिकाउन भनिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धानमा अध्यागमन विभागले यही चैत १७ गते व्यवसायी भट्टलाई कालोसूचीमा राखेको थियो । विभागले अध्यागमन विभागलाई पत्र पठाएर व्यापारी भट्टको पासपोर्ट रोक्का राख्नसमेत अनुरोध गरेको थियो । सोही प्रकरणमा भट्टलाई प्रहरीले पक्राउ गरेको थियो भने जिल्ला अदालत काठमाडौँले थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो।

# उपराष्ट्रपति यादवसँग युरोपेली सङ्घका राजदूतको शिष्टाचार भेट



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग युरोपेली सङ्घका राजदूत भेरोनिक लोरेन्जोले सोमबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेकी छिन् । भेटमा शुभकामना आदानप्रदान पश्चात द्विपक्षीय सम्बन्धका विविध आयाममा विचार–विमर्श भएको थियो ।

उपराष्ट्रपति यादवले नेपाल–युरोपेली सङ्घबीच सन् १९७४ देखि कायम रहेको सौहार्दपूर्ण एवं मैत्रीपूर्ण सम्बन्धप्रति सन्तोष व्यक्त गर्दै नेपालले ईयूसँगको साझेदारीलाई उच्च महत्व दिँदै आएको बताए । उनले स्वास्थ्य, शिक्षा, ऊर्जा तथा ग्रामीण विकासका क्षेत्रमा ईयू समर्थित कार्यक्रमहरू नेपालका लागि उपयोगी भएको उल्लेख गर्दै आगामी दिनमा उत्पादनशील क्षेत्रहरूमा सहयोगको दायरा विस्तार हुने विश्वास व्यक्त गरे ।

विशेषगरी कर्णाली प्रदेशमा ईयू सहयोगअन्तर्गत आयोजनाले दुर्गम क्षेत्रका नागरिकलाई लाभान्वित गरेकोमा खुसी व्यक्त गर्दै उपराष्ट्रपति यादवले लोकतन्त्र, स्वतन्त्रता र बहुपक्षीयता जस्ता साझा मूल्यमा नेपाल–ईयूको विश्वासलाई जोड दिए । महामारी, जलवायु परिवर्तनलगायत विश्वव्यापी चुनौतीहरूलाई सामना गर्न बहुपक्षीय सहकार्य अपरिहार्य भएको उल्लेख गर्दै उनले थप सहकार्यका लागि नेपाल तत्पर रहेको बताए ।

उपराष्ट्रपति यादवले सरकारले १०० बुँदे कार्ययोजनामार्फत सुशासन, पारदर्शिता र प्रभावकारी सार्वजनिक सेवा प्रवाहलाई प्राथमिकतामा राखेको र तीव्र आर्थिक वृद्धिमा विशेष जोड दिएको जानकारी दिए । रोजगारी सिर्जना, पूर्वाधार सुधार तथा प्रतिव्यक्त आय वृद्धि गर्ने लक्ष्यसहित पर्यटन, जलविद्युत्, पूर्वाधार तथा सूचना प्रविधिलाई आर्थिक वृद्धिका सम्भावित क्षेत्रका रूपमा पहिचान गरिएको बताउँदै उनले यस यात्रामा ईयू नेपालका लागि भरपर्दो साझेदार बन्ने विश्वास व्यक्त गरे ।

नेपाल र युरोपबीच सीधा हवाई सम्पर्क स्थापना गरी युरोपेली पर्यटकलाई स्वागत गर्ने नेपाल सरकारको चाहना रहेको उल्लेख गर्दै उनले युरोपमा नेपालका वायुसेवामाथि लगाइएको प्रतिबन्ध हटाउन रचनात्मक सहयोगको आवश्यकता औंल्याए । अन्त्यमा उपराष्ट्रपति यादवले आगामी ‘युरोप–डे’ को अवसरमा युरोपेली सङ्घका सदस्य राष्ट्रका जनताको सुख, शान्ति र समृद्धिको लागि शुभकामना व्यक्त गरे ।

राजदूत लोरेन्जोले नेपाल–ईयू सम्बन्धलाई अझ सुदृढ बनाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले भारतको नयाँ दिल्लीस्थित ईयू अन्तर्गतका २२ मुलुकका राजदूतहरुले मे २५–२६ सम्म नेपालको भ्रमण गर्ने जानकारी दिइन् । उनले ईयू–नेपाल बिजनेस फोरमको आयोजना गर्ने तयारी भइरहेको समेत बताइन् । रासस

# शिक्षा क्षेत्रको समग्र सुधारका लागि सहकार्य आवश्यकः शिक्षामन्त्री

**काठमाडौँ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले शिक्षा क्षेत्रको समग्र सुधारका लागि तीन तहका सरकारबीच सहकार्य आवश्यक रहेको बताएका छन्।

शुल्क निर्धारणका सम्बन्धमा मन्त्रालयमा आयोजित छलफलमा उनले शिक्षामा सुधारका लागि तीन तहका सरकारबीच बलियो समन्वय र सहकार्य जरुरी रहेको बताएका हुन् । उनले स्थानीय सरकारले नेतृत्व लिएमा शिक्षा क्षेत्रका धेरै समस्या समाधान हुने र त्यसमा सहयोग गर्न मन्त्रालय तयार रहेको बताए।

सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री पोखरेलले शुल्क निर्धारण र छात्रवृत्तिका विषयमा मन्त्रालयमा गुनासो आएको भन्दै छात्रवृत्ति वितरण पारदर्शी बनाउन आग्रह गरे । उनले संस्थागत विद्यालयमा शुल्क नियमन, मन्त्रालयमा आएका शुल्कसम्बन्धी गुनासा पालिकामै पठाइदिने संयन्त्र बनाइएको जानकारी दिँदै आवश्यक सहजीकरणका लागि मन्त्रालय तयार रहेको बताए।



मन्त्री पोखरेलले स्थायी रूपमै दुई दिन सार्वजनिक बिदा दिने विषयमा आवश्यक अध्ययन र पाठ्यक्रमलगायत विषयमा गृहकार्य भइरहेको जानकारी दिए । स्थानीय सरकारले शिक्षा क्षेत्रका असल अभ्यासहरू एक अर्कासँग सिक्नुपर्नेमा पनि उनले जोड दिए।

छलफलमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले निजी विद्यालयमा छात्रवृत्ति वितरण पारदर्शी बनाइनुपर्नेमा जोड दिए । उनले धेरै विद्यालयको जग्गा आफ्नो भोगाधिकारको जग्गा नरहेकाले नीतिगत प्रबन्ध गरिनुपर्नेमा जोड दिए।

काठमाडौँ महानगरपालिकाका कार्यवाहक नगरप्रमुख सुनिता डङ्गोलले दुई दिन सार्वजनिक बिदा गर्दा पाठ्यक्रम समायोजन चाँडो गर्नुपर्नेमा जोड दिए। उनले दरबन्दी व्यवस्थापनमा मन्त्रालयले महानगरसँग समन्वय गर्ने विश्वास व्यक्त गरे।

नगरपालिका सङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गानाले शिक्षा निःशुल्क पाउने व्यवस्था गर्न माग गरे । उनले शुल्क निर्धारण स्थानीय सरकार आफैँले गर्ने, १० प्रतिशत छात्रवृत्तिको अनुगमन, दुई सय २० दिन नघट्ने गरी विद्यालय सञ्चालन गरिनुपर्ने र कक्षा एकदेखि पाँचसम्मको परीक्षामा मापदण्ड बनाइनुपर्ने सुझाव दिए।

गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले शुल्क निर्धारण तथा नियमन स्थानीय सरकारले नै गर्ने बताए।

शैक्षिक सत्र, भर्ना शुल्क निर्धारण तथा दरबन्दी व्यवस्थापनलगायत विषयमा शिक्षा मन्त्रालयले स्थानीय तहका प्रतिनिधि र सरोकार भएकाहरूसँग छलफल गरेको हो । मन्त्रालयले चाडै नै प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रीहरूसँग बैठक गर्ने जनाइएको छ।

शिक्षामन्त्री पोखरेलको उपस्थितिमा भएको छलफलमा गृह मन्त्रालय र शिक्षा मन्त्रालयका उच्च अधिकारीको समेत उपस्थिति रहेको थियो।

शैक्षिक व्यवस्थापन सुधार, शुल्कमा पारदर्शिता र दरबन्दी मिलानलाई प्रभावकारी बनाउने विषयमा केन्द्रित भएर विचार–विमर्श गरिएको मन्त्री पोखरेलको सचिवालयले जनाएको छ। रासस

# उपल्लो मुस्ताङमा देखिए जङ्गली गधा

**मुस्ताङ ।**
नेपाल–चीन उत्तरी सीमाक्षेत्रअन्तर्गत उपल्लो मुस्ताङको लोमान्थाङ–१ ढालुङ र सेतारा माथिको चरन क्षेत्रमा ठूलो संख्यामा जङ्गली गधा (क्याङ) देखापरेका छन् । समून्द्री सतहभन्दा करिब पाँच हजार मिटर उचाइको लोमान्थाङ गाउँपालिकास्थित धालुङ उच्चलेक र सेतारा लेकमा जङ्गली गधा (क्याङ) चर्दै गरिहेको अवस्थामा भेटिएका हुन् । जङ्गली गधा (क्याङ) स म्बन्धी अध्ययन गरिरहेका एक्याप लोमान्थाङ कार्यालयका प्रमुख उमेश पौडेलले लोमान्थाङस्थित धालुङ र सेतारा उच्चलेकमा जङ्गली गधा क्याङ चर्दै गरिरहेको अवस्थामा भेटिएको बताए ।

कोरलास्थित नेपाल––चीन सीमा क्षेत्रबाट फर्किंदै गरेको अवस्थामा धालुङ र सेतारा उच्चलेकमा जङ्गली गधाहरुको बथान चर्दै गरेको अवस्थामा देखिएको प्रमुख पौडेलले बताए । आफूले लोमान्थाङको धालुङ उच्चलेकमा १०२ वटा र सोही स्थानको अर्को सेतारा उच्चलेकमा १४ वटा गरी ११६ वटा जति जङ्गली गधा (क्याङ) देखेको जानकारी दिए । उनका अनुसार जङ्गली गधाको बासस्थान हिमायन ट्रान्स हिमालयन (तिब्बत÷मुस्ताङ) क्षेत्रमा रैथान संयुक्त बासस्थान रहेको बताइन्छ । दुर्लभ स्तनधारी जङ्गली गधा (क्याङ)को मौसम अनुसार बासस्थान तय हुने प्रमुख पौडेलको भनाइ छ । हिउँदयामको आठ महिना तिब्बती पठारमा बर्खायाममा गर्मी सुरु हुँदा चार महिना उपल्लो मुस्ताङ क्षेत्रको उच्चलेकमा बासस्थान बनाउने गरेको प्रमुख पौडेलले बताए ।

तिब्बतको पठारमा बढी समय बिताउने जङ्गली गधाहरु अप्रिल, मे र जुन महिनामा बासस्थान परिवर्तन गरी उपल्लो मुस्ताङका उच्चलेकमा प्रवेश गर्छन् । तिब्बत र मुस्ताङको सीमा क्षेत्रमा बस्ने जंगली गधाहरु बढी समय तिब्बती पठारमा बिताउँछन् । चीनसँग सिमाना जोडिएको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाको सीमाक्षेत्रको चरन क्षेत्रमा मौसमअनुसार जङ्गली गधाको संख्या देखिने गरेको छ ।

यसअघि ‘क्यामेरा ट्र्यापिङ’ गरी प्राविधिक रुपमा जङ्गली गधाको संख्या यकिन गर्ने गरिएको भए पनि यति ठूलो संख्यामा पहिलो पटक देखिएको हो । यसअघि सन् २००४ मा गरिएको जङ्गल गधाको अध्ययनमा उपल्लो मुस्ताङमा ३७ वटा संख्या देखापरेका थिए । जलवायु परिवर्तनका कारण यस प्रकारका जङ्गली गधाहरु मौसमअनुसार तलमाथि गर्ने गर्छन । यो याममा उपल्लो मुस्ताङका सीमावर्ती उच्चलेकमा हरियो घाँस पलाइसकेकाले जङ्गली गधाहरु आहारको खोजीमा नेपाल प्रवेश गरेका हुन् ।

जङ्गली गधाको शरीर खैरो÷हरियो रातो र पेटतिरको भाग सेता रङ्ग हुन्छ । यसका खुट्टाहरु लामो लामो र सिधा उभिने शैलीको छिटो कुद्न सक्ने क्षमता राख्दछ । जङ्गली गधा एसियाकै सबैभन्दा ठूलो स्तनधारी प्राणी हो । समूहमा बस्ने, छिटो छिटो कुद्ने र सतर्क रहने जङ्गली गधाको मुख्य विशेषता हो । जङ्गली गधाका लागि जलवायु सङ्कट र मानव गतिविधि मुख्य चुनौतीका रुपमा लिने गरिएको छ । रासस

# कर्णाली प्रदेश सरकारद्वारा दश वर्षे कृषि रणनीति तयार पारिँदै

**सुर्खेत।**
कर्णाली प्रदेश सरकारले टुक्रे आयोजनाबाट प्रतिफल नआउने भएपछि १० वर्षे कृषि रणनीतिक योजना तयार गर्न थालेको कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले बताएका छन्।

कृषिलाई व्यावसायिक रुप दिनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रणनीति तयार गरेर काम थालनी गरेको मुख्यमन्त्री कँडेलले रासससँग बताएका छन् । उनका अनुसार कृषिलाई व्यावसायीकरण गर्न दश वर्षे कृषि रणनीतिक योजना निर्माण भइरहेको छ। आर्थिक वर्ष २०८१–८२ देखि २०९१–९२ सम्मका लागि १० वर्षे उक्त कृषि विकास रणनीतिक योजना निर्माण गरिएको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले बताए। मन्त्री शाहले भने, ‘२०८१ फागुन १३ गतेको मन्त्रिपरिषद्को बैठकले कृषि रणनीति योजना स्वीकृत भएको छ । हामी अहिले रणनीति योजनामा रहेर मात्र कृषिका कार्यक्रम कार्यान्वयन गरिने हुँदा सोही काममा लागि परेको छौँ।’

कृषि क्षेत्रको रूपान्तरण गर्न युवा तथा महिला केन्द्रित रही सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच साझेदारीमा मात्र अबका काम हुँने उद्देश्य रहेका छन् । सबै तहका सरकारसँग सहकार्य गरेर गुणस्तरीय उत्पादन सामग्री, प्रविधि र प्राविधिक सेवा सर्वसुलभ र सुनिश्चित गर्दै मूल्य श्रृङ्खला सञ्जाललाई सशक्तिकरण गर्नेगरी आगामी आर्थिक वर्षका योजना बनाएको छ।

उपयुक्त नीतिगत व्यवस्थामार्फत सुशासन प्रवद्र्धन गर्ने गरी योजना निर्माण गरिएको छ । सरकारले आर्थिक वर्ष २०७४–७५ देखि कर्णालीलाई अर्गानिक प्रदेश बनाउन आधारभूत योजनाअघि सारेको थियो । जसअन्तर्गत बर्सेनि प्रदेश र सङ्घीय सरकारको गरी दुई अर्ब हाराहारीमा यसै शीर्षकमा बजेट विनियोजन गर्दै आएको छ।

चालु आर्थिक वर्षमा अर्गानिक कार्यक्रमका लागि प्रदेश र सङ्घीय सरकारको गरी एक अर्ब ९७ करोड रुपैयाँ बजेट छुट्याइएको छ। रासस

# मधेशमा लागुऔषध दुर्व्यसन गम्भीर...

कार्यालय धनुषाका डीएसपी गणेशबहादुर बमले सीमापारबाट हुने तस्करी नियन्त्रणका लागि भारतीय सुरक्षा निकायसँग समन्वय बढाइएको बताए।

सूचना आदानप्रदान र संयुक्त निगरानीमार्फत तस्करी नियन्त्रणमा प्रभावकारी कदम चाल्ने प्रयास भइरहेको उनको भनाइ छ।

तर, समस्या समाधानका लागि प्रहरी प्रयास मात्र पर्याप्त नभएको स्थानीयहरूको गुनासो छ । महोत्तरीका स्थानीय रुदल झाले आर्थिक अभावका कारण दुव्र्यसनमा फसेका युवालाई सुधार केन्द्रसम्म पु¥याउनै कठिन भएको बताए । ‘सरकारले निःशुल्क उपचारको व्यवस्था गर्नुपर्छ,’ उनले भने।

धनुषाकी भुली देवीले पनि दुव्र्यसनले आफ्नो परिवारमा गम्भीर असर पारेको बताइन् । ‘खुला सीमाका कारण सजिलै लागुऔषध पाइन्छ, नियन्त्रणका लागि प्रभावकारी कदम चाहिन्छ,’ उनले भनिन्।

मनरा नगरपालिकाका मेयर मोहन पाण्डेका अनुसार विद्यालयस्तरबाटै सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको छ । विद्यालय, क्लब र संघसंस्थामार्फत युवालाई लागुऔषधको असरबारे जानकारी दिने काम भइरहेको उनले बताए।

युवा अभियानी सरोज कुमार मिश्रले सेवनकर्ताको पहिचान, परिवारसँग समन्वय र पुनस्र्थापनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।

मनोविज्ञ डाक्टर रोबिन कुमार झाका अनुसार लागुऔषध समस्या समाधानका लागि बहुआयामिक दृष्टिकोण आवश्यक हुन्छ । ‘प्रहरी कारबाही मात्र पर्याप्त हुँदैन, मानसिक स्वास्थ्य सेवा, परिवारको साथ र सामाजिक समर्थन पनि अनिवार्य हुन्छ,’ उनले बताए।

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले लागुऔषध दुव्र्यसनलाई गम्भीर चुनौतीका रूपमा स्वीकार गर्दै सीमावर्ती क्षेत्रमा कडाइ गर्न निर्देशन दिइएको बताए।


उनका अनुसार दुव्र्यसनमा फसेका युवालाई संरक्षण, सुधार र पुनस्र्थापनाका लागि प्रदेश सरकारले नैतिक शिक्षा, सचेतनामूलक कार्यक्रम र सुधार केन्द्र व्यवस्थापनमा ध्यान दिनेछ।

मधेशमा बढ्दो लागुऔषध दुव्र्यसन नियन्त्रणका लागि प्रहरी, सरकार, स्थानीय तह र समुदायबीच समन्वय अपरिहार्य देखिएको छ । केवल पक्राउ र कारबाहीभन्दा माथि उठेर सुधार, पुनस्र्थापना र दीर्घकालीन समाधानमा ध्यान दिन सकिए मात्र यो समस्याको प्रभावकारी नियन्त्रण सम्भव हुने देखिन्छ।

# पश्चिम बंगालको जितमा जनकपुरधाममा खुशीयाली

**मधेशदृष्टि**
**जनकपुरधाम**
भारतका पश्चिम बंगाल, आसाम, तमिलनाडु, केरल र पुडुचेरीमा सम्पन्न चुनावप्रति नेपालमा पनि उल्लेखनीय चासो देखिएको छ। तीमध्ये पश्चिम बंगालको नतिजाप्रति जनकपुरधाममा विशेष उत्साह देखिएको छ ।

बिहान ८ बजेदेखि नै स्थानीय तथा यहाँ कार्यरत भारतीय नागरिकहरू टेलिभिजन र मोबाइलमार्फत चुनावी नतिजा हेर्न व्यस्त देखिन्थे। पश्चिम बंगालमा भाजपाको जितको खबरसँगै विभिन्न स्थानमा “जय श्री राम” का नाराहरू समेत लगाइएका थिए ।



जनकपुरधाममा राजमिस्त्री तथा गहना निर्माण (कालीगढी) क्षेत्रमा कार्यरत बंगालका कामदारहरू मतदानपछि पुनः काममा फर्किएका छन् ।

उनीहरूले खुसी साटासाट गर्दै मिठाई वितरण गरेका छन् ।

सोनापट्टी क्षेत्रमा कार्यरत कारीगर तापस वर्मा, राजमिस्त्री सुकान्त मण्डल लगायतका बंगाली कामदारहरूले बंगलादेशी घुसपैठ, तुष्टीकरण नीति तथा तृणमूल कांग्रेसका कार्यकर्ताको कथित गुण्डागर्दीलाई उक्त पार्टीको हारको प्रमुख कारण भएको बताएका छन् ।

## स्कुटरबाट २१ केजी गाँजा बरामद

# दुई जना पक्राउ



**मधेशदृष्टि**
**कलैया।**
पथलैया चोक– बारा प्रहरीले पथलैयाबाट ठूलो परिमाणमा गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार आइतबार राति करिब ८:२० बजे ट्राफिक अफिस अगाडि नियमित जाँचका क्रममा उक्त बरामदगी गरिएको हो।

हेटौँडाबाट पथलैयातर्फ आइरहेको बा.प्र.०३–००३ प ५७६४ नम्बरको स्कुटर रोकेर जाँच गर्दा करिब २१ केजी गाँजा फेला परेको प्रहरीले जनाएको छ । स्कुटरको अगाडि खुट्टा राख्ने भागमा कालो प्लास्टिकले बेरेर लुकाइएको अवस्थामा लागूऔषध बरामद गरिएको हो।

प्रहरी चौकी पथलैया बाट प्रहरी वरिष्ठ नायब निरीक्षक युवराज दाहाल को नेतृत्वमा खटिएको टोलीले सो गाँजा फेला पारेको थियो । घटनामा संलग्न भएको आरोपमा मकवानपुर छतिवन गाउँपालिका–४ का १६ वर्षीय सुरेन्द्र गोले (स्कुटर चालक) र मकवानपुर राक्सिराङ गाउँपालिका–७ का १८ वर्षीय सलमान गुरुङ लाई प्रहरीले नियन्त्रणमा लिएको छ।

पक्राउ परेका दुवै जनामाथि बारा जिल्ला अदालत बाट म्याद थप गरी थप अनुसन्धान अघि बढाइएको सुरेशराज भट्टले जानकारी दिएका छन्।

## वीरगज भन्सारमा एमआरपी नियमको असरः

# जाँचपास ठप्प, राजश्वमा गिरावट



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार नाकामा आयातित वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने नयाँ व्यवस्थाका कारण देशकै प्रमुख वीरगंज भन्सार कार्यालयको कामकाज एक सातादेखि प्रभावित बनेको छ । यस नीतिप्रति निजी क्षेत्रले असन्तुष्टि जनाउँदै मालसामान जाँचपास रोक्दा राजश्व संकलनमा समेत उल्लेखनीय गिरावट आएको छ।

भन्सार परिसरमै भित्रिसकेको सामान समेत जाँचपास नहुँदा वीरगंज भन्सारको नियमित कार्य प्रणाली प्रभावित भएको हो । सबैभन्दा बढी राजश्व संकलन गर्ने भन्सार कार्यालयमध्ये पर्ने वीरगंज भन्सारको आम्दानीमा यसले प्रत्यक्ष असर पारेको छ।

वीरगंजस्थित एकीकृत सुरक्षा जाँच चौकी (आईसीपी) सञ्चालन गर्ने टिआरएस हिमालयन लजिपार्कका प्रशासन प्रमुख गणश घिमिरेका अनुसार सोमबार साँझसम्म मात्रै करिब १ हजार ७ सय मालबाहक सवारीसाधन आईसीपी परिसरमा रोकिएर बसेका छन् । उनका अनुसार भारततर्फबाट आउने सवारीसाधनको संख्या बढ्दो भए पनि त्यसअनुसार जाँचपास हुन नसक्दा ठूलो संख्यामा सवारीसाधन थन्किनु परेको हो।

घिमिरेले औद्योगिक कच्चा पदार्थ, इन्धन तथा एमआरपी अनिवार्य नपर्ने केही वस्तु बाहेक अन्य धेरै सामानको जाँचपास प्रभावित भएको जानकारी दिए । उनले भारततर्फ पनि यस्तै अवस्था रहेको उल्लेख गर्दै भारतीय आईसीपी बाहिर लक्ष्मीपुरसम्म करिब ७ सय मालबाहक सवारीसाधन लाममा रहेको बताए । उनका अनुसार नेपालतर्फ जाने सवारीसाधन पनि भारतीय पक्षमा ठूलो संख्यामा रोकिएका छन्।

यसैबीच, वीरगंज भन्सार कार्यालयका सूचना अधिकृत उदय सिंह बिष्टका अनुसार पछिल्ला सातादेखि राजश्व संकलनमा गिरावट आएको छ । उनका अनुसार वैशाख महिनामा आइतबारसम्म कार्यालयले १२ अर्ब २५ करोड रुपैयाँ राजश्व संकलन गरेको छ, जबकि मासिक लक्ष्य २३ अर्ब २४ करोड रुपैयाँ रहेको छ । हालसम्म ५३ प्रतिशत मात्र लक्ष्य पूरा भएको उनले जानकारी दिए । सामान्य अवस्थामा दैनिक ६० देखि ६५ करोड रुपैयाँ राजश्व उठ्ने भएपनि आइतबार मात्र १७ करोड रुपैयाँ संकलन भएको थियो।

उनका अनुसार औद्योगिक कच्चा पदार्थ, बल्क आइटम, आयोजना सम्बन्धी सामान, डर्टी कार्गो, फलफूल तथा तरकारी बाहेकका अधिकांश वस्तु जाँचपास रोकिएको छ । नेपाल सरकारले २०८२ चैत २६ मा जारी गरेको सूचनाअनुसार गत मंगलबारदेखि वीरगन्जसहित देशभरका भन्सार नाकाबाट आयातित वस्तुको जाँचपास प्रक्रियामा असर परेको हो।

यसैबीच, व्यवसायीहरूको छाता संगठन वीरगंज उद्योग वाणिज्य संघले सरोकारवालासँग पर्याप्त छलफल नगरी एकतर्फी रूपमा लागू गरिएको एमआरपी व्यवस्था निजी क्षेत्रमैत्री नभएको भन्दै आपत्ति जनाएको छ । संघले सरकारको उक्त निर्णयप्रति असन्तुष्टि जनाउँदै तत्काल समाधानका लागि पहल गर्न आग्रह गरेको छ।

# सरकारी कार्यालयको बोर्डमा मोबिल छर्किने दुईजना पक्राउ





**मधेशदृष्टि**
**वीरगंज।**
सरकारी कार्यालयको बोर्डमा मोबिल छर्केर फरार भएका दुई जनालाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ । सोमबार बिहान करिब ९ः२० बजेको समयमा वीरगंज महानगरपालिका वडा नं.२३ स्थित पूर्वाधार विकास कार्यालय पर्साको प्राङ्गणमा रहेको बोर्डमा मोबिल छर्केर फरार भएकाहरुलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार सोही कार्यालयका कर्मचारी राम प्रवेश यादवसँग विकास योजनासम्बन्धी विषयमा वाद–विवाद भएपछि ती व्यक्तिहरूले आक्रोशित हुँदै कार्यालयको बोर्डमा मोबिल छर्केका थिए । घटना लगत्तै उनीहरू फरार भएका थिए। उक्त घटनाबारे कार्यालय प्रमुखले दिउँसो २ः३० बजे वडा प्रहरी कार्यालय श्रीपुरलाई टेलिफोनमार्फत जानकारी गराएपछि प्रहरीले खोजी तीव्र बनाएको थियो । त्यसक्रममा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिइएको जनाइएको छ।

पक्राउ पर्नेहरूमा जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.११ बस्ने वर्ष ३३ को जयपुजन ठाकुर लोहार र वीगरंज महानगरपालिका वडा नं.१३ राधेमाई बस्ने वर्ष ३० को मनमोहन पाण्डे रहेका छन् । प्रहरीले घटनाबारे थप अनुसन्धान गरि रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए।

# ट्याक्टरबाट च्यापिएर युवकको मृत्यु



**मधेशदृष्टि**
**कलैया।**
बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ३ परवानीपुर बजारमा गएराति ट्याक्टरबाट माटो खसाउने क्रममा एकजना युवकको च्यापिएर मृत्यु भएको छ।

स्थानीय रामबाबु रौनियारको जग्गामा ट्याक्टरले रातिको समयमा माटो खसाउने क्रममा प्लास्टिक टिपेर जीविकोपार्जन गर्ने अन्दाजी ३५ वर्षको युवकको ट्याक्टरले च्यापिएर मृत्यु भएको हो।

इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठका अनुसार सिसिटिभीको मद्दतले अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ।

मृतक युवक यस अघि देखि नै सोही क्षेत्रमा प्लासटीक टिप्दै विक्री गर्ने र जहाँ पाए त्यही बस्ने गर्दै आएको युवक भएको स्थानीयले बताएका छन्।

## फरार प्रतिवादी बेगम वि.क. पक्राउ,

# बाल सुधार गृहमा पठाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले विशेष सूचनाको आधारमा प्रहरीले जबरजस्ती करणी तथा कर्तव्य ज्यान मुद्दामा फरार रहेकी एक प्रतिवादीलाई पक्राउ गरेको छ ।

सोमबार बिहान करिब ८ बजेको समयमा वीर्ता चोक स्थित सडकखण्डमा संकास्पद रूपमा हिँडिरहेकी बेगम वि.क. लाई प्रहरीले नियन्त्रणमा लिइएको हो ।

जिल्ला सुर्खेत गुर्वाकोट नगरपालिका–२ निवासी २२ वर्षीया बेगम वि.क. 'जेन्जी आन्दोलन' का क्रममा बाल सुधार गृह पर्सा वीरगंज बाट फरार भएकी थिइन् । उनलाई जबरजस्ती करणी तथा कर्तव्य ज्यान मुद्दामा अदालतले ८ वर्ष कैद र रु ४ लाख जरिवाना तोकेको थियो ।

प्रहरीका अनुसार विशेष सूचनाको आधारमा खटिएको टोलीले उनलाई वीरगंजको विर्ता चोक क्षेत्रमा हिँडिरहेको अवस्थामा पहिचान गरी नियन्त्रणमा लिएको हो ।

पक्राउपछि उनलाई सोही दिन पुनः बाल सुधार गृह वीरगंजमा पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । प्रहरीले फरार प्रतिवादीहरूविरुद्ध खोजी कार्यलाई अझ तीव्र बनाइएको जनाएको छ ।

# चारजना फरार प्रतिवादी पक्राउ

**राकेश यादव**
**रौतहट ।**
रौतहट प्रहरीले विभिन्न मुद्दामा फरार रहेका ४ जना प्रतिवादीहरुलाई पक्राउ गरेको छ । कर्तव्य ज्यान, सवारी ज्यान, बैंकिंग कसुर र लागु औषध मुद्दामा फरार रहेका प्रतिवादीलाइ प्रहरीले पक्राउ गरेको हो ।

२०६६।११।२६ गते ०६:०० बजेको समयमा जि. रौतहट देवाही गोनाही वडा नं.३ स्थितमा बिशाल महतोलाई कुटपिट गरि घाइते बनाई फरार रहेका स्थानीय देवाही गोनाही न.पा. वडा नं. ३ बर्ष ३९ को राम विनय चौधरीलाइ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । कुटपिटबाट गम्भीर रुपमा घाइते भएको महतोको उपचारको क्रममा मृत्यु भएकोले कर्तव्य ज्यान सम्बन्धि कसुरमा चौधरी माथि अनुसन्धान भईरहेको प्रहरी नायव उपरिक्षक बिष्णु प्रदिप बस्यालले जानकारी दिए ।

२०८१।०९।०२ गते १९:३५ बजेको समयमा जि. रौतहट मौलापुर न.पा. वडा नं. ५ मौलापुर मर्यादपुर स्थितमा प्रदेश ०२–००१– प. ६३६३ नम्बरको मोटरसाईकलले बर्ष ६५ को बनारशी राउत कुर्मीलाई ठक्कर दिइ घाईते बनाई फरार भएका रौतहट बौधीमाई न.पा. वडा नं. ६ बर्ष ३६ को राम पुकार राय यादव पक्राउ परेको छ ।

यसैगरि बैकिङ्ग कसुर मुद्दा अन्तर्गत सम्मानित सर्लाही जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भए पछि फरार रहेका रौतहटको माधव नारायण न.पा. वडा नं. ६ बर्ष ४१ को जितेन्द्र कुमार जयसवाललाइ पक्राउ गरि अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय सर्लाही पठाइएको प्रहरीले जनाएको छ । त्यसै गरि फैसला कार्यान्वयनको क्रममा लागु औषध गाँजा मुद्दामा सम्मानित रौतहट जिल्ला अदालतबाट ६ महिना कैद सजाय तोकी फैसला भएपछि फरार रहेका जिल्ला रौतहट देवाही गोनाही न.पा.वडा नं. ९ बर्ष ६५ को सिकिन्द्र राय यादवलाइ पक्राउ गरि सम्बन्धित निकायमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

## वीरगंजमा तेक्कान्दो प्रतिस्पर्धा सम्पन्न

# उत्कृष्ट खेलाडीहरू प्रदेशस्तरका लागि तयार

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाको आयोजनामा वीरगंजस्थित घडिअर्वा पोखरी कभर्डहलमा 'चौथो नगर राष्ट्रपति रनिङ सिल्ड तेक्वान्दो छनोट प्रतियोगिता' सम्पन्न भएको छ।




कार्यक्रमको अध्यक्षता गणेशमान श्रेष्ठले गरेका थिए भने प्रमुख अतिथिका रूपमा पर्सा जिल्ला तेक्वान्दो सङ्घका अध्यक्ष दीपक साह कानु उपस्थित थिए।

प्रतियोगितामा करिब ३०० जना खेलाडी तथा खेलप्रेमीहरूको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ । विभिन्न तौल समूह र पुम्से (काटा) विधामा प्रतिस्पर्धा गराइएको यस छनोट प्रतियोगितामा खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरेका थिए।

पुरुषतर्फ ४५ केजी तौल समूहमा गौतम कुमार प्रजापति प्रथम भएका छन्। त्यसै समूहमा जेनिस खड्का द्वितीय तथा मोहित लिम्बू र प्रणिल थापा तृतीय स्थानमा रहेका छन् । ४८ केजी तौल समूहमा आशिष कुमार सराफले प्रथम स्थान हासिल गर्दा विकी कुमार यादव द्वितीय भए भने सुलभ थारु र सक्षम चौरसिया तृतीय बने।

यस्तै ५१ केजी तौल समूहमा शिवजी कुमार पटेल प्रथम घोषित भए । यस समूहमा अब्राहम भुजु द्वितीय र जानिलाल जाफर तथा आयुस चौधरी तृतीय स्थानमा रहे। ५५ केजी समूहमा स्वयममान रन्जितकारले प्रथम स्थान प्राप्त गरे भने प्रिन्स कुमार द्वितीय भए। अन्य प्रतिस्पर्धामा शिवम कुमार प्रथम र शेख रहमान हुसेन द्वितीय भएका छन्।

पुम्से (काटा) विधातर्फ पनि खेलाडीहरूको उत्कृष्ट प्रदर्शन देखिएको थियो । एकल पुरुष पुम्सेमा हबिबुल्लाह मियाँ प्रथम भए भने आगमन ठकुरी द्वितीय र साजन पटेल तथा आयुस ठकुरी तृतीय स्थानमा रहे। महिलातर्फको एकल पुम्सेमा रोशनी मोक्तानले प्रथम स्थान हासिल गरेकी छन्।

प्रतियोगिताको निष्पक्ष सञ्चालनका लागि जुरीको जिम्मेवारी महमद सकिल र गणेशमान श्रेष्ठले सम्हालेका थिए । रेफ्रीको भूमिकामा राजेन्द्र शाही, महमद मन्सुर हवारी, विक्रान्त डङ्गोल, सोएब अख्तर र दिपेश मानन्धरलगायत सक्रिय रहेका थिए।

समापन समारोहमा सभापति गणेशमान श्रेष्ठले उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई आगामी प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगितामा सहभागी गराइने जानकारी दिएका छन्।

# नारायणी रङ्गशाला सडकखण्डमा सरसफाई

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नारायणी रंगशाला तर्फ जाने सडकखण्डमा सोमबार बिहान बृहत् सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ।

वीरगंज महानगरपालिका–१३ अन्तर्गत पर्ने उक्त सडकमा महानगरपालिकाको अगुवाइमा सरसफाइ अभियान सञ्चालन गरिएको हो । सरसफाइ कार्यक्रममा महानगरका प्रमुख राजेशमान सिंहसहित विभिन्न संघसंस्थाका प्रतिनिधि, सुरक्षाकर्मी, विद्यार्थी तथा शिक्षकहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा गौतम माध्यमिक विद्यालयका विद्यार्थी तथा शिक्षक, ग्रीनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतान, पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्की, सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन निरौला, ट्राफिक प्रहरी निरीक्षक युवराज कटुवाल तथा नगर प्रहरी प्रमुख हरि भुसालगायतको उपस्थिति रहेको जनाइएको छ।

स्थानीय तह र सरोकारवालाबीचको सहकार्यमा सञ्चालन गरिएको उक्त सरसफाइ अभियानले क्षेत्रलाई स्वच्छ, सफा र व्यवस्थित बनाउने उद्देश्य राखिएकोमहानगरपालिकाले जनाएको छ।

# अदालतका डिठ्ठा विरुद्ध विशेष अदालतमा मुद्दा

**मधेशदृष्टि**
**रौतहट।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रौतहट जिल्ला अदालतका डिठ्ठा लवकुमार सिंहविरुद्ध घुस लिएको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको छ।

जिल्ला अदालत गौरको तहसिल शाखामा कार्यरत सिंहले अदालतको फैसलाअनुसार जग्गा फुकुवा तथा नामसारी गरिदिने क्रममा सेवाग्राहीसँग ५० हजार रुपैयाँ घुस मागेको उजुरीपछि अख्तियारले अनुसन्धान अघि बढाएको थियो।

अख्तियारको हेटौँडा कार्यालयबाट खटिएको टोलीले उनलाई सेवाग्राहीबाट घुस रकम बुझिसकेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको छ । अनुसन्धानका क्रममा सिंहले कानुनी रूपमा हुनुपर्ने काममा अनावश्यक ढिलाइ र हैरानी सिर्जना गर्दै मोलमोलाइ गरी घुस लिएको पुष्टि भएको आयोगको दाबी छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसुर पुष्टि भएको भन्दै आयोगले ५० हजार रुपैयाँ बिगो कायम गरी सोही बराबर जरिवाना र कैद सजायको मागसहित विशेष अदालतमा आरोपपत्र दायर गरेको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन्।

# मलेसियामा मृत्यु भएका सदाको शव २५ दिनपछि घर आइपुग्यो

**मधेशदृष्टि**
**सप्तरी ।**
मलेसियामा मृत्यु भएका सप्तरीको विष्णुपुर गाउँपालिका–६ गोरगामाका ३२ वर्षीय मञ्जय सदाको शव २५ दिनपछि सोमबार बिहान घर आइपुगेको छ ।

क्वालालम्पुरस्थित नेपाली राजदूतावासको सहयोगमा सदाको शव घर ल्याइएको हो ।

उनको शवलाई सोमबार नै दाहसंस्कार गरिने परिवारले जनाएको छ । मृतक सदा १२ वर्षअघि वैदेशिक रोजगारीका लागि मलेसिया पुगेका थिए । त्यहाँ भने अनुसार काम र तलब नपाएका सदाले त्यहाँको काम छाडेर तफाध्दल सेक्युरिटी एसडीएन बीएचडीमार्फत फ्लास कम्पनीमा 'राजिव बहादुर' नामले काम गर्दै आएका थिए ।

पाँच साताअघि अचानक सिकिस्त विरामी परेका सदालाई केलाङस्थित तेंग्कु अम्पुअन राहिमह अस्पतालमा भर्ना गरिएको थियो । उपचारको क्रममा उनको गत चैत २६ गते मृत्यु भएको थियो । मृत्युको खबर पाएका सदा परिवारले उपचारवापत ७ लाख रुपैयाँ खर्च पठाउन नसक्दा 'शव अड्किएको' थियो । नेपाली राजदूतावासले सदा कार्यरत रहेका केलाङस्थित फ्लास कम्पनीसँग सम्पूर्ण खर्च तिर्न लगाएर कास्केट कम्पनीमार्फत शव पठाएको हो ।

सम्पादकीय

# नेपाल र भारतको मानसरोवर भूमिबारे विज्ञप्तिबाजी

नेपाल र भारतबीचको सीमा विवाद, विशेषगरी लिपुलेक पास र कैलाश मानसरोवर यात्राको मार्गलाई लिएर हालै उत्पन्न तनावले दुई देशबीचको सम्बन्धमा नयाँ चुनौती थपेको छ। नेपालले यस क्षेत्र आफ्नो भएको दाबी गर्दै भारत र चीन दुवैलाई कूटनीतिक नोट पठाएपछि भारतले नेपालको दाबीलाई 'एकतर्फी' र 'अपुष्ट' भनेर खारेज गरेको छ । यसले दुई छिमेकी राष्ट्रबीच संवाद र कूटनीतिको आवश्यकतालाई थप उजागर गरेको छ।

नेपालले लिपुलेक, कालापानी र लिम्पियाधुरालाई आफ्नो अविभाज्य भूभागका रूपमा दाबी गर्दै आएको छ। भारतले चीनसँग जोड्ने सडक निर्माण गरेपछि र कैलाश मानसरोवर यात्राका लागि उक्त मार्ग प्रयोग गर्ने योजना बनाएपछि नेपालले यसमा आपत्ति जनाएको हो। नेपाल सरकारले भारत र चीन दुवैलाई पठाएको कूटनीतिक नोटमा आफ्नो भौगोलिक अखण्डता र सार्वभौमिकताको सम्मान गर्न आग्रह गरेको छ । नेपालको यो कदमले आफ्नो भूभागमाथिको दाबीलाई अन्तर्राष्ट्रिय समुदायसामु स्पष्ट पार्ने प्रयास गरेको देखिन्छ।

अर्कोतर्फ, भारतले नेपालको दाबीलाई अस्वीकार गर्दै लिपुलेक पास सन् १९५४ देखि नै कैलाश मानसरोवर यात्राका लागि प्रयोग हुँदै आएको 'दीर्घकालीन मार्ग' भएको बताएको छ । भारतले नेपालको हालको दाबी 'न्यायसंगत नभएको' र 'ऐतिहासिक तथ्य तथा प्रमाणमा आधारित नभएको' भन्दै यसलाई 'एकतर्फी क्षेत्रीय दाबीको कृत्रिम विस्तार' भनेको छ। भारतले यस विषयमा नेपालसँग रचनात्मक संवादका लागि खुला रहेको पनि बताएको छ।

यस्तो संवेदनशील अवस्थामा दुई देशबीचको सम्बन्धमा थप कटुता आउन नदिन संवाद र कूटनीति नै एक मात्र विकल्प हो।

सीमा विवादजस्ता मुद्दाहरूलाई उत्तेजना वा एकतर्फी निर्णयबाट समाधान गर्न खोज्दा त्यसले थप जटिलता निम्त्याउन सक्छ । दुवै देशले संयमता अपनाउँदै ऐतिहासिक तथ्य, प्रमाण र अन्तर्राष्ट्रिय कानूनका आधारमा वार्ताको माध्यमबाट समाधान खोज्नुपर्छ । यसले आपसी विश्वास र सद्भाव कायम राख्न मद्दत पुग्छ।

अन्ततः, नेपाल र भारत दुवैले आफ्नो दीर्घकालीन सम्बन्ध र क्षेत्रीय स्थायित्वलाई ध्यानमा राख्दै कूटनीतिक पहललाई प्राथमिकता दिनुपर्छ । खुला र इमानदार संवादमार्फत मात्रै साझा बुझाइमा पुग्न सकिन्छ र विवादको स्थायी समाधान खोज्न सकिन्छ। दुवै देशले एकअर्काको संवेदनशीलतालाई बुझेर अगाडि बढेमा मात्रै छिमेकी सम्बन्ध सुदृढ भई भविष्यमा यस्ता विवादहरू दोहोरिनबाट जोगिन सकिन्छ।

## 'शक्तिशाली' सरकारको 'शक्तिशाली' सुकुम्बासी प्राधिकरणः बन्ला 'शक्तिहीन'को सहारा ?

–शरद केसी

काठमाडौँ उपत्यकामा डोजर लगाएर घर भत्काइएपछि बासविहीन हुन पुगेकाहरू सरकारसँग सम्पर्कमा पुग्ने क्रम सोमवारसम्म जारी छ।

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना निर्देशक मचाकाजी महर्जनले आफूलाई भूमिहीन भन्दै पुग्नेलाई दर्ता गर्न नरोकिएको जानकारी दिए।

'अझै पनि छिटपुट रूपमा भत्काउने क्रम चलिरहेको सुनिएको छ,' उनले भने, 'त्यो चल्दासम्म दर्ता पनि गर्नैं पर्छ।'

हालसम्म करिब दुई हजार परिवार दर्ता भएको उनले जानकारी दिए।

दर्तामा संलग्न रहेको अर्को निकाय काठमाडौँ उपत्यका विकास प्राधिकरणकी सूचना अधिकारी प्रकृति केसीका अनुसार सोमवार पनि दर्ताको जारी रह्यो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले बताएअनुसार दर्ता भएकामध्ये करिब ८ सय जना सरकारले व्यवस्था गरेको होल्डिङ सेन्टरमा राखिएका छन्। अरू भने दर्तापछि हालका निम्ति आफ्नो व्यवस्था आफैँ गर्ने भनेर फर्किएका छन्।

सरकारले कीर्तिपुरस्थित राधा स्वामी सत्सङ्ग भवन, नयाँ बसपार्क र माछापोखरी क्षेत्रका होटेल र भक्तपुरस्थित दुई वटा सरकारी स्वामित्वको तालिम केन्द्रमा होल्डिङ सेन्टरमा बस्नेखाने व्यवस्था गरेको छ।

**बालेनको वचनः घरबारविहीन हुन नदिने**

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले "काठमाडौँ उपत्यकाका नदी किनार तथा सरकारी स्वामित्वमा रहेका जग्गामा अवाञ्छित रूपमा अतिक्रमण गरेर बनाइएका" घरहरू डोजर लगाएर भत्काइरहेको बताएका छन्।

पहिले विस्थापित गरेर व्यवस्थापन गर्ने सरकारको कदमको आलोचना भइरहँदा प्रधानमन्त्री बालेनले नागरिक हटाउने उद्देश्यले नभई, आवासको हक सुनिश्चित गर्दै समस्याको स्थायी समाधान निकाल्ने उद्देश्य लिएको फेसबुकमार्फत् जनाएका छन्।

सरकार प्रत्येक भूमिहीन नागरिकको सुरक्षित, सम्मानजनक र स्थायी आवास सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री बालेनले भनेका छन्, 'कुनै पनि नागरिक घरबारविहीन हुने अवस्था सिर्जना हुन दिइने छैन।'

प्रधानमन्त्रीका भनाइमा सुकुम्बासी समस्याको दीर्घकालीन समाधानको निम्ति भूमिसम्बन्धी ऐन २०२१ का केही दफाहरू बाधक थिए। अब ती अध्यादेशबाट खारेज गरिएका छन्।

त्यससँगै वास्तविक भूमिहीन नागरिकको डिजिटल लगत सङ्कलन, विवरण प्रमाणीकरण तथा स्पष्ट आधारमा अभिलेख तयार गर्ने काम सुरु भइसकेको प्रधानमन्त्रीको भनाइ छ।

'अब भूमिहीन नागरिकको वास्तविक अवस्था पहिचान गरी व्यवस्थित, पारदर्शी र दिगो समाधानतर्फ सरकार अघि बढिसकेको छ,' प्रधानमन्त्री बालेनले लेखेका छन्, 'ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिने छ।'

**त्राससँगै विरोधको विस्तार ?**

काठमाडौँमा बुलडोजर चलाएर भवनहरू भत्काउन थालिएपछि अचानक घरबारविहीन बन्ने त्रास देशका विभिन्न भागहरूमा विस्तार भएको देखिएको छ।

कतिपय जिल्ला र बजार क्षेत्रमा सुकुम्बासीहरू विरोधमा उत्रिएका विवरणहरू आएका छन्।

त्यसतर्फ लक्षित गर्दै प्रधानमन्त्रीले 'भूमिहीन तथा अव्यवस्थित बसोबासमा रहन बाध्य नागरिकहरूमा उठिबास हुने हो कि भन्ने आशङ्का उत्पन्न गराउने तथा नियोजित रूपमा त्रास फैलाउने' प्रयास भइरहेको बताए।

उनले असुरक्षित बस्तीमा रहेकाबाहेक अन्य भूमिहीन नागरिकको हकमा 'सम्बन्धित आयोगको सिफारिस र सङ्कलित विवरणका आधारमा सरकारले आवश्यक निर्णय गर्ने' जनाएका छन्।

उनको दल राष्ट्रिय स्वतन्त्र पार्टीले सुकुम्बासीको समस्या समाधान गर्न अधिकारसम्पन्न प्राधिकरण गठन गरिने भन्दै नआत्तिन आग्रह गरेको छ । त्यसको निम्ति समय लाग्ने देखिँदा सरकारले कहिलेसम्म होल्डिङ सेन्टरमा राखिरहन्छ ?

बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना निर्देशक मचाकाजी महर्जन भन्छन्, 'पहिचानको प्रक्रिया अघि बढेको छ, वास्तविक भूमिहीनको पहिचान भइसकेपछि सरकारले केही निर्णय गर्ला।'

बहुचर्चित बालुवाटार जग्गामा अपचलन भएको तथ्य पत्ता लगाएको समितिका संयोजक नेपाल सरकारका पूर्वसचिव शारदाप्रसाद त्रिताल वास्तविक सुकुम्बासीले लामो समयदेखि बेहोरेको पीडा बिर्सिने गरी सरकारले उनीहरूको व्यवस्थापन गर्ने अपेक्षामा छन्।

'झरीबादलको बेला विस्थापित हुँदा कतिपय बालबालिका, सुत्केरी, वृद्धवृद्धालाई असर परेको छ, तर अब सरकारले वास्तविक सुकुम्बासीहरूलाई वर्षौंदेखिको दुःखपीडाबाट सदाका निम्ति यथाशीघ्र बाहिर ल्याउनुपर्छ,' उनी भन्छन्, 'निकै राजनीतिकीकरण गरिनाले समस्या कैयौँ वर्षदेखि बल्झिएर रहेको हो।'

**समस्या समाधानबारे पूर्वसचिवको सिफारिस**

यसअघि बनेका डेढ दर्जन वटा आयोग सुकुम्बासी समस्या हल गर्न विफल देखिएका छन् । विभिन्न आयोगहरूले पटकपटक लालपुर्जा पनि वितरण गरेको हुन्।

विघटित आयोगमा करिब १२ लाख सुकुम्बासी र अव्यवस्थित बसोबासी दर्ता भएका थिए।

पूर्वसचिव त्रिताल परम्परागत खालको आयोग बनाएर सरकारी जग्गा वितरण गरेर सुकुम्बासीको समस्या समाधान नहुने धारणा राख्छन्।

'त्यसका निम्ति न्यायिक आयोग बनाउनुपर्छ र त्यसले यसअघि वितरण गरिएका लालपुर्जा पनि वास्तविक सुकुम्बासीले पाए कि पाएनन् भन्ने छानबिन गर्नुपर्छ,' उनी भन्छन्, 'भूमिहीनलाई सक्षम बनाएर आफैँ घरजग्गा जोड्न सक्ने बनाउनुपर्छ।'

त्यसका निम्ति बालबालिकालाई पढाइदिने, आवश्यकताअनुसार पहिचान गरेर सीपयुक्त तालिम दिँदै रोजगारी सृजना गरिदिने, सक्षम नहुँदासम्म विशेष भत्ता दिने र अशक्त तथा वृद्धवृद्धाको जिम्मा आवश्यक परे सरकारले लिनुपर्ने उनको सुझाव छ।

सुकुम्बासी बस्तीसँगै अतिक्रमित भनिएका जग्गामा बनेका घर भत्काउने क्रममा आफूहरूले लालपुर्जा र नक्सा पास भएका घर किनेको भन्दै सरकारले अन्याय गरेको गुनासो गर्नेहरू पनि देखिएका छन्।

त्रिताल त्यस्ताको हकमा सरकारी जग्गा पहिलो पटक पास गर्नेबाट क्षतिपूर्ति भराउने व्यवस्था सरकारले गर्नुपर्ने बताउँछन्।

देशव्यापी रूपमा देखिएको सार्वजनिक जग्गामा दशकौँअघि निजी भइसकेको विवरणका बीच जटिल काममा सरकारले हात हालेको कतिपयको बुझाइ छ।

सरकारले त्यो पत्ता समाधान गर्न सक्छ? त्यसमा निकै ठूलो खेलोफड्को रहेको बताउँदै पूर्वसचिव त्रिताल भन्छन्, 'सरकारले चाह्यो भने सुरु नापीदेखि सार्वजनिक जग्गा कहाँ, कहिले, कसरी अतिक्रमण भयो भन्ने एक वर्षमै पत्ता लगाएर कारबाही गर्न सक्छ ।' बीबीसी

## भारतले भनेको सन् १९५४ देखि चलिआएको बाटोको सन्दर्भ के हो ?

–प्रदीप बस्याल

कैलाश मानसरोवर जान पाउने भारतीय तीर्थयात्रीका लागि यो वर्ष लिपुलेक पास प्रयोग हुने दिल्लीले बताएपछि नेपाल–भारतबीच सो क्षेत्रको सीमा विवाद पुनः एकपटक चर्किएको छ।

नेपाल सरकारका प्रवक्ता मन्त्री सस्मित पोखरेलले 'विवाद' भएकैले सरकारले कूटनीतिक नोट पठाएको बताएका छन्। 'त्यो हाम्रो भूमि हो भन्ने कुरामा हामी स्पष्ट छौँ,' उनले सोमवार पत्रकारहरूसँग भने।

त्यसबारे बोल्ने क्रममा ३ मेमा भारतीय विदेश मन्त्रालयले आफ्नो अडान 'एकैखाले र स्पष्ट' रहेको बताउँदै उक्त बाटो हुँदै 'सन् १९५४ देखि मानसरोवर यात्रा हुने गरेको' जनाएको छ।

भारतीय विदेश मन्त्रालयले हालै लिपुलेक हुँदै ५० जना भारतीयहरू सम्मिलित १० वटा टोली कैलाश मानसरोवर तिर्थयात्रामा जुनदेखि अगस्ट महिनामा जान लागेको घोषणा गरेको पृष्ठभूमिमा पछिल्लो पटक पुनः विवाद उत्पन्न भएको हो।

दिल्लीले पछिल्ला कैयौँ वर्षदेखि सन् १९५४ को एप्रिल २९ मा भएको भारत–चीनबीचको पञ्चशील सम्झौता उल्लेख गर्ने गरिएको पाइन्छ।

औपचारिक रूपमा 'भारत र चीनको तिब्बत क्षेत्र बीचको व्यापार तथा अन्तरक्रियासम्बन्धी सम्झौता'ले दिल्ली र बेइजिङबीच सात दशकअघि सहअस्तित्वका पाँच बुँदा उल्लेख गरिएका छन्।

तर बीबीसीसँग कुरा गर्दै नेपालको नापी विभागका दुईजना पूर्वमहानिर्देशकहरूले सन् १९५४ को समझदारीको औचित्य नरहेको भन्दै त्यसलाई आधारका रूपमा राखिराख्न नमिल्ने बताउँछन्।

भारतका लागि पूर्व नेपाली राजदूत दीपकुमार उपाध्याय भने लिपुलेकको विषय भारतले पनि विवादित भूमिका रूपमा स्वीकारेको भए पनि त्यसमाथि प्राथमिकतासाथ कहिल्यै छलफल हुन नसकेको बताउँछन्।

**नेपालको पुरानै अडान, काम चाहिँ के भए?**


नेपालको परराष्ट्र मन्त्रालयले २० वैशाखमा नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको जनाएको थियो।

नेपालको परराष्ट्र मन्त्रालयले भनेको छः 'सन् १८१६ को सुगौली सन्धिबाट नै महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू–भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग छ।'

एकजना सीमाविद् बुद्धिनारायण श्रेष्ठले यस विवादमा सबैलाई मान्य हुनेगरी समाधान गर्न आपसी समझदारीमा 'त्रिदेशीय बिन्दुका रूपमा सहमति गर्न' सुझाउँछन्।

'त्यो अन्तर्राष्ट्रिय सीमा सिद्धान्त अनुसार अनुकूल हुन्छ । सरकारको कूटनीतिक जोडबल त्यसका लागि हुनुपर्छ,' श्रेष्ठ भन्छन्।

भारतले सचिव स्तरीय संयन्त्रमा कालापानी र सुस्ताको विषय सुल्झाइने भन्नुले त्यहाँनिर भारतले यसलाई विवादित भूमि मानेको पूर्वराजदूत उपाध्याय बताउँछन्।




'तर हाम्रो कूटनीति परिपक्वता, प्राथमिकता र निरन्तरतामा गएन । झटारो हाने जसरी कूटनीतिक नोट पठाउँदैमा सुल्झने कुरा होइन यो,' दीपकुमार उपाध्याय भन्छन्।

'कैयौँ पटक उच्च स्तरमा संवाद हुँदा यो विषय कहिल्यै हाम्रो प्राथमिकतामा परेन । त्यो सामर्थ्य हामीमा कहिल्यै आएन।'

**सन् १९५४ को सम्झौतामा के छ ?**

नापी विभागका एकजना पूर्वमहानिर्देशक पुण्यप्रसाद ओलीले सन् १९५४ मा भारत–चीनबीच उक्त सम्झौता हुँदा नेपाल र चीनबीच द्विपक्षीय सम्बन्ध समेत स्थापित नभएको र नेपालसँग त्यसबारे परामर्श समेत भएको जनाउँदै त्यसलाई स्वीकार्य आधार मान्न नसकिने बताउँछन्।

'पछि सन् १९६० मा चीनतर्फको नेपालको सीमाङ्कन हुँदा लिपुलेकलाई त्रिदेशीय बिन्दु नभनीकन सर्वे गर्ने क्षेत्रको अन्तिम बिन्दु मानिएको थियो,' ओली भन्छन्।

'सम्बन्धित पक्ष नेपालसँग परामर्श नगरीकनै अन्य दुई पक्षले उक्त सम्झौता गरेकाले त्यो कसरी अन्तर्राष्ट्रिय रूपमा मान्य हुन्छ ?'

उनी यस विवादको समाधान 'सुगौली सन्धिमै टेकेर काली नदीको सीमानालाई नै हेरेर' तय हुनुपर्ने बताउँछन्।

'सुगौली सन्धि हुँदाकै बेला कावा खोलाबारे नेपालले नमानेपछि ब्रिटिश सरकारले अरू तीनवटा गाउँ नेपालकै हो भनेको हो,' ओली बताउँछन्।

सुगौली सन्धिपछि भएका ब्रिटिश इन्डिया सरकारका नक्साङ्कनहरूमा उक्त कुरा उल्लेख रहेको छ।

तर सुगौली सन्धिमा अस्पष्टता रहेको भन्दै त्यहाँको विवाद सुल्झन सकेको छैन।

उक्त सन्धिमा नेपालको पश्चिमी सीमा काली नदी भनेर तोकिएको छ तर उक्त नदीको मुहानबारे उल्लेख गरिएको छैन।

सन् १९५४ को पञ्चशील सम्झौताको दफा ३ मा दुई देशका तीर्थालुहरूलाई एक अर्काका देशमा भ्रमण गर्न सक्ने व्यवस्थाको उल्लेख छ।

जसअनुसार भारतबाट लामा परम्परा मान्ने एवं हिन्दू र बौद्ध धर्मका तीर्थयात्रीहरू चीनको तिब्बत क्षेत्रको काङ रिम्पोछे (कैलाश) र मावर्न त्सो (मानसरोवर) को भ्रमण गर्न सक्ने लेखिएको छ।

चीनको तिब्बत क्षेत्रका लामा र बौद्ध धर्मावलम्बी तीर्थयात्रीहरू परम्परा अनुसार भारतको बनारस, सारनाथ, गया र साँचीको भ्रमण गर्न सक्ने त्यसमा उल्लेख छ।

त्यसैगरी ल्हासा भ्रमण गर्ने तीर्थयात्रीहरूले समेत परम्परा अनुसार त्यस्तो अवसर पाउन सक्ने भन्दै दुवै देशका व्यापारी र तीर्थयात्रीहरू यात्रा गर्न सक्ने छवटा पास र मार्गको उल्लेख गरिएको छ।

ती सिप्की ला, मन पास, नीति पास, कुंग्री बिङ्ग्री पास, दर्मा पास र लिपुलेक पास छन्।

जसअन्तर्गत एक अर्काका देशका सीमावर्ती बिन्दुमै नाम दर्ता मात्र गरेर अनुमति पत्र लिई तोकिएका तीर्थयात्रा गर्न सकिने भनिएको छ।

**बारम्बारको बेवास्ता**

नापी विभागकै अर्का पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठले सन् १९५४ को सम्झौता दश वर्षमा नवीकरण हुनुपर्ने भए तापनि त्यसअघि नै उनीहरूबीच युद्ध भएकाले त्यसो नभएको बताउँछन्।

'त्यसैले जुन १९५४ को सम्झौताको हवाला भारतले दिन्छ, त्यो ज्यूँदो छैन। त्यसको मिति सकिइसकेको छ,' श्रेष्ठ भन्छन्।

'त्यस बेलाको सम्झौता सीमावर्ती क्षेत्रका जनता अलिकति यताउता गर्नका लागि भए पनि अहिले त्यसलाई विस्तार गरिएको छ र त्यो बाटो हुँदै जहाँ पनि जान सकिन्छ।'

वि सं २०७२ जेठमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिन्पिङबीच बेइजिङमा एक समझदारी हुँदा त्यसको उल्लेख गरिएको थियो।

नेपालसँगको सहमतिबिनै गरिएको उक्त सम्झौताको एउटा बुँदामा भनिएको थियोः 'दुवै पक्ष व्यापार वस्तुको सूची बढाउन वार्ता गर्न र नाथुला, च्याङ्ला–लिपुलेक नाका र सिप्किलामा सीमा व्यापार बढाउन पनि राजी भए।'

यस क्रममा दुई देश बीचले 'फेरि नेपालको सम्प्रभूतालाई बेवास्ता गरेको' सीमाविद् बुद्धिनारायण श्रेष्ठ बताउँछन्।

'नेपाल सरकारले फेरि नि सुगौली सन्धिकै कुरा उद्धृत गरेको छ। त्यसबाहेक सन् १८२१, सन् १८२७, सन् १८५६, सन् १९०५ मा चिनियाँ भाषामा छापिएको नक्सा अनुसार लिपुलेक मात्र होइन गुन्जी, कुटी, नाभी, डोलिङ्ट्यान र लिम्पियाधुरासम्मको भाग नेपालको हो,' बुद्धिनारायण श्रेष्ठ भन्छन्।

'किनभने त्यो लिम्पियाधुराबाट निस्किएको काली नदीभन्दा पूर्वतर्फ पर्छ।'

झन्डै ५,५३२ मिटर उचाइमा रहेको लिम्पियाधुरालाई महाकाली नदीको प्रमुख जलाधार र उद्गम बिन्दु मानिन्छ। त्यो स्थान लिपुलेकभन्दा अझै उत्तर पश्चिममा पर्छ । बीबीसी

# सुकुमवासीलाई मध्यपुरथिमि र चाँगुनारायणका दुई 'सेल्टर'मा आवास



**भक्तपुर ।**
काठमाडौँ उपत्यकाका विभिन्न सुकुमवासी बस्तीबाट विस्थापित भएकाहरुलाई भक्तपुरको दुई 'सेल्टर'मा आश्रय दिएको छ । भक्तपुरको खरिपाटीस्थित चाँगुनारायण नगरपालिकास्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्र र मध्यपुरथिमि नगरपालिकास्थित कृषि विकास तालिम केन्द्रको भवनमा सेल्टरका रुपमा अस्थायी बासस्थनको व्यवस्था गरिएको जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिए । यहाँ ल्याइएका सुकुमवासीलाई खाने र बस्ने निःशुल्क व्यवस्था गरेको छ । खरिपाटीस्थित तालिम केन्द्रमा १४० जना सुकुमवासीलाई राखिएको छ भने यहाँ राखिएकाहरुलाई होस्टेलमा परिवार–परिवार छुटाएर फरक कोठामा राखिएको छ ।
यसअघि कोरोना भाइरसको महामारीमा पहिलो पटक चीनबाट ल्याइएका नेपाली विद्यार्थीलाई सोही स्थानमा ४५ दिनसम्म राखिएको थियो । त्यसपछि कोरोना सङ्क्रमितलाई पनि राखिएको यस केन्द्रमा २५० जना अट्ने क्षमताको रहेको केन्द्रले जानकारी दिएको छ । टेकु सुकुमवासी बस्तीबाट सरकारले आफूहरुलाई गाडीमा राखेर यहाँ पुऱ्याइएको बताउँदै केही सुकुमवासीले तत्काल भए पनि खानबस्न पाइरहेको बताए । यहाँ राखिएका सकुमवासीहरुको अवस्था बुझ्नका लागि प्रधानमन्त्री कार्यालयअन्तर्गतको सचिवालयको एउटा टोली आइतबार यहाँ आएको थियो ।
त्यसैगरी, सरकारले ३९ जना सुकुमवासीलाई मध्यपुरथिमिको सिन्टिटारस्थित कृषि विकास बैङ्कको तालिम केन्द्रमा राखेको छ ।
उनीहरुको पनि आवास र खानाको व्यवस्था गरेको छ । दुवै सेल्टरमा रहेका सुकुमवासीका लागि वाग्मती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापामगर र स्वास्थ्य सचिव डा सुमित्रा गौतमले तत्काल स्वास्थ्य सेवा पुऱ्याउन निर्देशन दिएका छन् । जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख अञ्जना खड्काले आइतबार सरकारले सुकमवासी राखेको मध्यपुरथिमि र चाँगुनारायणको दुवै सेल्टरमा भक्तपुर अस्पतालको चिकित्सकसहितको टोलीले सामान्य स्वास्थ्य परीक्षण गरेको र आज दुवै सेल्टरमा स्वास्थ्य शिविर, औषधि वितरण र मनोपरामर्श सेवा उपलब्ध गराउने जानकारी दिए । रासस

## भूमिहीन नागरिकहरूको अवस्था पहिचान गरी
# दिगो समाधान गरिनेछः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले भूमिहीन नागरिकहरूको वास्तविक अवस्था पहिचान गरी व्यवस्थित, पारदर्शी र दिगो समाधानतर्फ सरकार अघि बढिसकेको जानकारी दिएका छन् । उनले सोमबार सामाजिक सञ्जालमा लेखेका छन्, 'ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिनेछ । अन्य भूमिहीन नागरिकहरूको हकमा सम्बन्धित आयोगको सिफारिस र सङ्कलित विवरणका आधारमा नेपाल सरकारले आवश्यक निर्णय गर्नेछ ।'
काठमाडौँ उपत्यकाका नदीकिनार तथा सरकारी स्वामित्वमा रहेका जग्गामा अवाञ्छित रूपमा अतिक्रमण भएको स्पष्ट भएका क्षेत्रहरूमा नेपाल सरकारले कानुनबमोजिम अघि बढाएको व्यवस्थापन प्रक्रियाका विषयमा विभिन्न टिप्पणी तथा व्याख्या सार्वजनिक भइरहेकाप्रति सरकारको ध्यानाकर्षण भएको उनले जनाएका छन् । उक्त प्रक्रियालाई लिएर भूमिहीन तथा अव्यवस्थित बसोबासमा रहन बाध्य नागरिकहरूमा उठिबास हुने हो कि भन्ने आशङ्का उत्पन्न गराउने तथा नियोजित रूपमा त्रास फैलाउने प्रयास भइरहेको सम्बन्धमा प्राप्त सूचनालाई सरकार गम्भीरतापूर्वक लिइएको प्रधानमन्त्री शाहको भनाइ छ ।
प्रधानमन्त्री शाहले दीर्घकालीन समाधान कार्यान्वयनमा अवरोधका रूपमा रहेका भूमिसम्बन्धी ऐन २०२१ का केही दफाहरू वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दै अध्यादेशमार्फत खारेज गरिएको तथा उक्त कानुनी अवरोध हटेसँगै वास्तविक भूमिहीन नागरिकहरूको 'डिजिटल' लगत सङ्कलन, विवरण प्रमाणीकरण तथा स्पष्ट आधारमा अभिलेख तयार गर्ने कार्य प्रारम्भ गरिएको जानकारी पनि दिएका छन् ।
उनले भनेका छन्, 'नेपाल सरकार स्पष्ट गर्न चाहन्छ कि चालिएका सम्पूर्ण कदम नागरिकहरूलाई हटाउने उद्देश्यले होइन, आवासको हक सुनिश्चित गर्दै समस्याको स्थायी समाधान निकाल्ने उद्देश्यले अगाडि बढाइएका हुन् । त्यसैले कुनै पनि प्रकारको भ्रममा नपर्न, अनावश्यक रूपमा नआत्तिन तथा अपुष्ट सूचना नफैलाउन सम्पूर्ण नागरिकमा अनुरोध गरिन्छ ।'
साथै सो सन्देशमा प्रधानमन्त्री शाहले सरकार प्रत्येक भूमिहीन नागरिकको सुरक्षित, सम्मानजनक र स्थायी आवास सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी गराउँदै कुनै पनि नागरिक घरबारविहीन हुने अवस्था सिर्जना हुन नदिइने पनि स्पष्ट गरेका छन् । रासस

# लुम्बिनी प्रदेश सरकारको नयाँ प्रशासनिक भवनबाट सेवा सुरु




**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले नवनिर्मित प्रशासनिक भवनबाट औपचारिक रूपमा सेवा सुरु गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले आजदेखि नयाँ प्रशासनिक केन्द्रबाट दैनिक कामकाजको शुभारम्भ गरेका हुन् । उनले सङ्घीयताको सुदृढीकरणका लागि प्रदेश तहलाई बलियो बनाउने लक्ष्यसहित प्रशासनिक केन्द्र निर्माण गरिएको बताउँदै प्रदेशवासीका लागि गौरवको विषय भएको उल्लेख गरे । 'अन्य प्रदेशको तुलनामा लुम्बिनी प्रदेश राजधानी निर्माण, नामकरण र प्रशासनिक केन्द्र निर्माणमा सफल भएको छ । यसले प्रदेशलाई थप उचाइमा पु¬ऱ्याएको छ,' मुख्यमन्त्री आचार्यले भने ।
उनले समयमै आयोजना सम्पन्न गर्न सफल हुनु प्रदेश सरकारको महत्वपूर्ण उपलब्धि भएको पनि बताए । भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले प्रदेश सरकारले आफ्नै लगानीमा निर्माण गरेको भवनमा सबै मन्त्रालय सारिएको जानकारी दिए । राप्ती गाउँपालिका–३ स्थित मण्डला आकारको प्रशासनिक केन्द्रमा मन्त्रालय, निर्देशनालय तथा अन्य विभागहरूले एकै परिसरबाट सेवा प्रवाह सुरु गरेका छन् ।
यसअघि स्वास्थ्य मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय तथा उद्योग, पर्यटन तथा यातायात मन्त्रालय अलग–अलग स्थानबाट सञ्चालन हुँदै आएका थिए । अब ती सबै मन्त्रालय पनि यही परिसरबाट सञ्चालन हुने प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी दिए ।
काठमाडौँस्थित शर्मा–सगुन जेभीले निर्माण गरेको उक्त प्रशासनिक केन्द्रका लागि प्रदेश सरकारले २०७९ साल मङ्सिर २८ गते ठेक्का सम्झौता गरेको थियो । सोही वर्ष फागुन ३ गते स्थापना दिवसको अवसर पारेर तत्कालीन मुख्यमन्त्री लिला गिरीले भवनको शिलान्यास गरेका हुन् ।
प्रदेश राजधानी कार्यान्वयन एकाइका निमित्त प्रमुख इन्जिनियर प्रदीप भट्टराईका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १० वटा मन्त्रालय भवन निर्माण सम्पन्न भएको छ । रु तीन अर्ब नौ करोड २९ लाख ३८ हजार ७२ लागतमा निर्माण गरिएको प्रशासनिक केन्द्र १७ बिघा १९ कट्ठा चार धुर क्षेत्रफलमा फैलिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाहेक अन्य नौ वटा मन्त्रालय भवन एउटै डिजाइनमा निर्माण गरिएका छन् भने मुख्यमन्त्री कार्यालयको भवन फरक संरचनामा बनाइएको छ ।
भूमिगत पार्किङसहित छ तलाको मुख्यमन्त्री भवन निर्माण गरिएको छ । नयाँ प्रशासनिक केन्द्र सञ्चालनमा आएसँगै सेवा प्रवाह थप सहज, प्रभावकारी र एकीकृत हुने अपेक्षा गरिएको छ । २०७९ मङ्सिर २८ गते प्रदेश सरकारले तत्कालीन राप्ती प्राविधिक शिक्षालयका भवनहरुमा मन्त्रालयको काम थालेको थियो । रासस

# कार्यान्वयनयोग्य आयोजना प्रस्ताव गर्न प्रदेश सरकारको आग्रह




**कर्णाली ।**
कर्णाली प्रदेश सरकारले कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम प्रस्ताव गरेर पठाउन स्थानीय तहलगायत सरोकारवालाहरूलाई आग्रह गरेको छ । नेपालको संविधान धारा, २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको आधारलाई समेट्ने गरी १४ बुँदालाई आधार बनाएर प्रदेश सरकारले ससर्त अनुदान कार्यान्वयन गराउन सरोकारवालाहरूका लागि प्रस्ताव आह्वान गरेको हो । आजसम्म आयोजना तथा कार्यक्रमको प्रस्ताव पेस गर्न प्रदेश सरकारले समयसीमा तोकेको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी अञ्जु चौधरीले जानकारी दिए ।
स्थानीय तहबाट कार्यान्वयन हुने रु १० लाखदेखि रु ५० लाखसम्म लागत भएका आयोजना, प्रदेश सरकारको अधिकार सूचीभित्रका कुनै विषयका आयोजना, प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकारमार्फत कार्यान्वयन, प्रदेश सरकारको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुर्याउने, स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना र कार्यान्वयन गर्नुपर्ने, मानव विकास सूचकाङ्कको अवस्थाका आधारमा ससर्त अनुदान प्रदान गर्न सकिने उनले बताए ।
त्यस्तै, आर्थिक सामाजिक असमानता, पूर्वाधार विकास, सडक तथा विद्युत्को पहुँच, सूचना प्रविधि, खानेपानी तथा सरसफाइको सुविधा, खर्चको आवश्यकता तथा राजस्व उठाउने क्षमता, तत्परता र कार्यसम्पादन मूल्याङ्कन, वित्तीय अनुशासन र पुँजीगत खर्च गर्न सक्ने क्षमता, राजस्व सङ्कलन र प्रदेश सरकारलाई प्राप्त राजस्व र विशेष अवस्थाका आधारमा अनुदान दिइने जनाएको छ ।
उनका अनुसार सरकारले स्थानीय तहलाई आयोजनाका लागि प्रदान गर्न सकिने क्षेत्रहरूको पनि तोकेर ढाँचा पनि पठाएको छ । सडक तथा पूर्वाधार, शैक्षिक विकास, आधारभूत स्वास्थ्य सेवा, प्रदेशको सन्तुलित विकास, आर्थिक, सामाजिक र अन्य विभेद न्यूनीकरण गर्ने, रोजगारी सिर्जना हुने, खानेपानी तथा सिँचाइ, सौर्य ऊर्जा, कृषि, विद्युतीकरण, सिर्जनशीलता, उद्यमशीलता र नवप्रर्तनलाई प्रोत्साहन गर्ने वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित आयोजनालाई प्राथमिकता दिएर अनुदान दिन सकिने बताइएको छ ।
कर्णाली प्रदेश ससर्त अनुदानसम्बन्धी कार्यविधि (पहिलो संशोधन) २०८२ दफा ७ को उपदफा १ मा व्यवस्था भएबमोजिम आगामी आर्थिक वर्ष २०८३÷८४ मा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने ससर्त अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरूको प्रस्ताव गरी सोही कार्यविधिअनुसार अनुदान माग र प्रस्ताव पेस गर्न सूचना गरिएको सूचना अधिकारी चौधरीले बताए ।
प्रदेश सरकारले सूचनामार्फत कर्णाली प्रदेशभित्रका स्थानीय तह, सार्वजनिक संस्था तथा लाभग्रही र प्रदेशसभा सदस्यहरूलाई जानकारी गराइएको छ । स्थानीय तहलाई रु एक करोडको सीमाभित्र रही बढीमा पाँच, सार्वजनिक संस्था तथा लाभग्रहीलाई रु ५० लाखको सीमाभित्र रही बढीमा दुई र प्रदेशसभा सदस्यहरूलाई अधिकतम रु दुई करोडको सीमाभित्र रहेर आयोजना प्रस्ताव गर्न अनुरोध गरेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । रासस

# प्रहरीको सरुवा बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउन गृहसचिवको निर्देशन



**काठमाडौँ ।**
गृहसचिव राजकुमार श्रेष्ठले सङ्गठनभित्र पेसागत दक्षता, क्षमतालाई अभिवृद्धि गर्दै सरुवा, बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउनका लागि अग्रसर रहन निर्देशन दिएका छन् । मन्त्रिपरिषद्को यही वैशाख १४ गतेको निर्णयले सशस्त्र प्रहरी महानिरीक्षक पदमा पदोन्नति भएका नारायणदत्त पौडेललाई सोमबार मन्त्रालयमा आयोजित समारोहमा सशस्त्र प्रहरी महानिरीक्षकको दज्र्यानी चिह्नबाट सु–शोभित गर्दै उनले सो निर्देशन दिएका हुन् ।
गृहसचिव श्रेष्ठले सङ्गठन सरुवा प्रणाली र वृत्तिविकास दुवैलाई प्रभावकारी रुपमा व्यवस्थित गरिएमा असन्तुष्टि र गुनासो कम हुने विश्वास व्यक्त गरे । साथै उनले सशस्त्र प्रहरी बल नेपालले कार्यक्षेत्रमा सीमित स्रोतसाधनको बाबजुद उत्कृष्ट नतिजा आउने गरी कार्यसम्पादन गर्दै आइरहेको उल्लेख गरे । गृहसचिव श्रेष्ठले आगामी मनसुनजन्य विपद्मा समेत सशस्त्र प्रहरी बल नेपाल पूर्वतयारीका साथ उद्धार, व्यवस्थापन तथा राहत कार्यमा जुट्न निर्देशन दिए ।
त्यस अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले संविधान, कानुन, राष्ट्रिय हित, सङ्गठनको मर्यादा र जनअपेक्षालाई केन्द्रमा राख्दै इमान्दारिता, निष्ठा, निष्पक्षता र दृढ सङ्कल्पका साथ जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।
उनले आफ्नो कार्यकालमा सीमा सुरक्षालाई सबलीकरण गर्दै सङ्गठनको नीतिगत, संस्थागत र संरचनागत सुदृढीकरण गर्न रणनीतिक कार्ययोजना तयार गरेको उल्लेख गरे । उनले सो कार्यान्वयनका लागि नेपाल सरकार तथा गृहमन्त्रालयबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।
सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले नेपाल सरकारले जारी गरेको १०० बुँदे शासकीय सुधार योजना अनुसारको कार्यहरुको योजना तयार गरी सङ्गठनले प्रदान गर्ने सेवा प्रवाहलाई समयसापेक्ष र जनउत्तरदायी बनाउनेतर्फ प्रभावकारी कदम चालिने बताए । समारोहमा प्रहरी महानिरीक्षक, अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, गृह मन्त्रालयका सहसचिवलगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृतहरुको उपस्थिति थियो ।

**नवनियुक्त महानिरीक्षक पौडेलको परिचय**

सशस्त्र प्रहरी बल नेपालका नवनियुक्त महानिरीक्षक पौडेलले २०५४ सालमा नेपाल प्रहरीको प्रहरी निरीक्षकबाट सेवा सुरु गरेका थिए । उनी सशस्त्र प्रहरी बलमा २०५८ सालमा स्थान्तरण भएका थिए । सुर्खेतको साबिक जर्बुटा गाविस वडा नं ५ निवासी पौडेलले स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गरेका छन् । उनले नेपाल प्रहरीबाट करियर प्रारम्भ गरी सशस्त्र प्रहरी बल नेपालमा स्थान्तरणपश्चात् विभिन्न महत्वपूर्ण जिम्मेवारीहरू सम्हाल्दै उत्कृष्ट नेतृत्व प्रदर्शन गरेका छन् ।
नेपाल प्रहरीमा रहँदा उनले रोल्पा 'स्ट्राइकिङ' टोली कमान्डरका रुपमा तत्कालीन संवेदनशील सुरक्षा अवस्थामा प्रभावकारी सुरक्षा व्यवस्था कायम गरेका थिए । साथै उनले इलाका प्रहरी कार्यालय बिर्तामोड, झापाको प्रमुख भई शान्ति सुव्यवस्थालगायत सेवा प्रवाहमा प्रभावकारी कार्यसम्पादन गरेका थिए ।
त्यस्तै, सशस्त्र प्रहरी बलमा स्थानान्तरणपछि महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी नायब उपरीक्षक रहँदा सुरक्षा बेस तुल्सीपुर दाङमा प्रमुख रही शान्ति सुव्यवस्था कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनले सशस्त्र प्रहरी उपरीक्षक दर्जामा सीमा सुरक्षा कार्यालय बर्दिया, नीलबाराही गण र बङ्गलामुखी विशेष कार्यदल गणको गणपति भई नेतृत्व प्रदान गरेका थिए ।
पौडेलले सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकमा पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह वाहिनी पकली र सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बैद्यनाथ वाहिनीमा सहायक वाहिनीपतिका रुपमा उत्कृष्ट समन्वय र सहकार्य गरी उच्च व्यावसायिकता प्रदर्शन गरेका थिए ।
सशस्त्र प्रहरी नायब निरीक्षक रहँदा वाहिनीपतिका रुपमा लुम्बिनी तथा गण्डकी प्रदेशस्थित वाहिनी मुख्यालयहरूमा नेतृत्व प्रदान गरेका उनले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक हुँदा मानवस्रोत, सीमा तथा कार्य विभागका विभागीय प्रमुखका रूपमा रणनीतिक तथा नीतिगत निर्माण र कार्यान्वयनमा अहम् भूमिका निर्वाह गरेका थिए । उनले अन्तरराष्ट्रियस्तरमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना मिसनअन्तर्गत लाइबेरिया र कोसोभोमा करिब २५ महिना सफलतापूर्वक सेवा प्रदान गरेका थिए । रासस

# भैँसीगोठमा पूर्णबहादुरका ५७ वर्ष

**म्याग्दी ।**
म्याग्दीको धवलागिरि गाउँपालिका–४ खाम्लाका पूर्णबहादुर जैसीलाई १८ वर्षको हुँदा भैँसीको घुम्तीगोठ लिएर लेकबेँसी गर्नुपर्ने जिम्मेवारी आइलाग्यो । नुन लिन बेनी आएको समयमा साथीहरूसँगै भर्ती हुने रहरले भारतीय सैनिक छनोटमा भाग लिन पुगेका ७४ वर्षीय पूर्णबहादुर दुई सय युवामध्ये छिटो दौडिएर छनोट पनि भएका थिए । 'हामी किशोर हुँदा भारतीय गोर्खा सैनिकमा भर्ती गराउन गाउँगाउँमा युवा खोज्दै आउँथे, म पनि गलेश्वरमा देखिँदा छनोट भएर पनि पल्टन नगएपछि सैनिक बोर्डका मान्छे तीन महिनापछि खोज्दै घरमै आएका थिए', उनले भने, 'हजुरबुबा र बुबाले सेनाको जागिरभन्दा भैँसी पाल्दा राम्रो हुने भनेर गोठको जिम्मा लगाएपछि नकार्न नसकेर जङ्गल पसेँ ।'
पण्डित र ज्योतिष पेसा गर्नुहुने हजुरबुबा वसन्तले पूर्णबहादुरलाई भैँसीको जिम्मा लगाउँदा व्यवसाय फस्टाउने सुझाएपछि परिवारले सोही निर्णय गरेको उनले स्मरण गरे । भारतीय गोर्खा सैनिकमा भर्ती हुन नपाएकामा पूर्णबहादुरलाई पछुतो भने छैन । 'हजुरबुबाले अनुमान गरेको जस्तै एउटा



पाडोबाट सुरु गरेको घुम्तीगोठमा भैँसीको संख्या ३६ वटासम्म पुग्यो', पूर्णबहादुरले भने, 'भैँसी, राँगा, पाडापाडी र घ्यू बेचेरै घरव्यवहार चलाएँ, खेतबारी जोडेँ, चार छोराछोरीलाई पढाएँ, ठाउँमा पुर्याएँ ।'
विसं २०२५ देखि घुम्तीगोठमा भैँसीपालन सुरु गरेका पूर्णप्रसाद गत पुसदेखि स्वास्थ्य र बुढ्यौलीका कारण भैँसी बेचेर मालिका गाउँपालिका–७ बिम खारामा रहेको जेठी छोरी माया शर्माको घरमा बस्न थालेका छन् । सु◌ुरुमा १३ वटा भैँसीलाई एक हजार ५०० रुपैयाँमा बिक्री गरेका पूर्णप्रसादसँग घुम्तीगोठ लिएर भैँसीसँगै बर्खामा हिमाल फेदीका बुकी र हिउँदमा बेँसी गर्दाका रमाइला र दुःखका अनुभूतिहरू छन् । पछिल्लोपटक एउटा भैँसीलाई ८५ हजार रुपैयाँसम्ममा बिक्री गरेको उनले बताए ।
जङ्गलमा जान नसक्ने र वन्यजन्तुले आक्रमण गर्ने साना पाडापाडीको स्याहारसुसार गर्नेदेखि दूध दुहुने, मोही पारेर घ्यू बनाउने काममा बिहानदेखि साँझसम्म व्यस्त हुनुपर्दा तीन वर्षमा घरपरिवारसँग भेट भएको पूर्णबहादुरले सम्झे । हिउँ परेको अवस्थामा भैँसी र पाडापाडीको स्याहारसुधार तथा आहारा व्यवस्थापनका लागि दुःख भएको उनको भनाइ छ ।
वार्षिक दुई सय लिटरसम्म घ्यू बिक्री गरेका उनी असोज कात्तिकमा पोषिलो घाँस प्रशस्त पाइने र बुकीमा मौसम सफा हुँदा मनमोहक दृश्यले फुरुङ्ग पर्ने गर्थे । एकपटक जिरवाङ, सिमकोश, धुरीखर्क, हिले, बगर हुँदै धवलागिरि हिमालको फेदीमा रहेको बुकीसम्म गोठ लगेर पुगेका पूर्णबहादुरको गोठमा एकैपटक ब्वाँसोले आक्रमण गरेर ११ वटा भैँसी मारिदिएको अझै बिर्सेका छैनन् । गोठको सुरक्षाका लागि कम्तीमा दुईवटा भोटे कुकुर पाल्ने गरेका थिए । गाउँअनुसार चरन क्षेत्र बाँड्ने भएकाले लेकमा अन्य गोठालाहरूसँग कमै भेटघाट हुन्थ्यो । घुम्तीगोठका लागि आवश्यक खाद्यान्न समयसमयमा परिवारका सदस्यहरूले जङ्गलमै पुर्याइदिन्थे । रेडियो र मोबाइल साथी हुन् । पूर्णबहादुरले पछिल्लो समय बुकी र चरन क्षेत्रमा अनावश्यक काँडाधारी वन तथा झारपात फैलिन थालेको अनुभव सुनाए ।
पछिल्लो समय बसाइँसराइका कारण खेतबारी बाँझिएकाले गाउँ वरपर पनि व्यवस्थित रूपमा भैँसीपालन गर्न सकिने सम्भावना रहेको पूर्णबहादुरको सुझाव छ । विदेशमा गर्ने दुःख आफ्नै गाउँठाउँमा गर्न सकेमा स्वरोजगारका साथै आत्मनिर्भर भइने उनको सुझाव छ । रासस

# मेची भन्सार मातहतका पाँचवटा छोटी भन्सार वर्षौंदेखि बन्द




**झापा ।**
मेची भन्सार कार्यालय मातहतका छवटा छोटी भन्सार कार्यालयमध्ये एउटामात्र सञ्चालनमा छ । राजस्व असुली र सीमापार व्यापारको सहजीकरणका लागि सरकारले सीमावर्ती नाकाहरूमा स्थापना गरेको अरु पाँचवटा छोटी भन्सार बन्द अवस्थामा छ । मेची भन्सार कार्यालयअन्तर्गत गौरीगन्ज–२ मा आठमौजा छोटी भन्सार, मेचीनगर–२ मा गाडागल्ली छोटी भन्सार, मेचीनगर–४ मा बाहुनडाँगी छोटी भन्सार, मेचीनगर–५ मा नकलबन्दा छोटी भन्सार, मेचीनगर–७ मा सतिघट्टा छोटी भन्सार र गौरीगन्ज–१ मा महाभारा छोटी भन्सार स्थापना भएका थिए ।
हाल गौरीगन्ज–२ स्थित आठमौजाबाहेक अरु छोटी भन्सार कार्यालय बन्द रहेको मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी ईश्वरकुमार हुमागाईँले बताए । 'आठमौजा छोटी भन्सारचाहिँ सञ्चालनमा छ, तर खासै भन्सार कारोबार हुनसकेको छैन', उनले भने, 'अरु नाकाबाट खासै व्यापार नभएका कारण छोटी भन्सार नचलेका हुन् ।'
आयात र निर्यात कारोबार हुनका लागि भन्सार कार्यालयमात्र भएर पुग्दैन । क्वारेन्टाइनलगायतका कार्यालय पनि आवश्यक पर्दछ । छोटी भन्सारमा अन्य कुनै पनि सुविधा र सेवा उपलब्ध छैन । पूर्वी प्रवेशद्वार काँकरभिट्टामा मेची भन्सार कार्यालय छ । जहाँ सुक्खा बन्दरगाह, अध्यागमन कार्यालय, क्वारेन्टाइन कार्यालय र प्रविधियुक्त जाँच कक्षहरू रहेका छन् ।
मेचीनगर–४ मा रहेको बाहुनडाँगी छोटी भन्सार विगत आठ वर्षदेखि बन्द रहेको स्थानीय वडाध्यक्ष अर्जुनकुमार कार्कीले बताए । 'के–कस्तो सहयोग आवश्यक पर्छ, हामी जनस्तरबाट दिन तयार छौँ', छोटी भन्सार सञ्चालन गर्न आग्रह गर्दै वडाध्यक्ष कार्कीले भने, 'विसं १९९० देखि चल्दै आएको नेपालकै पुरानोमध्येको सीमाबजार हो बाहुनडाँगी । ऐतिहासिक पृष्ठभूमि बोकेको यो भन्सारलाई बन्द गरिँदा हामीलाई दुःख लागेको छ ।'
राणाकाल र पञ्चायतकालमा समेत सीमानाकाका रूपमा बाहुनडाँगीलाई मान्यता दिइएको स्मरण गर्दै उनले इलाम र झापाका मानिसहरू भारतको नक्सलबारी र कोलकातासम्म आवतजावत गर्ने यो पुरानो भन्सार भएको बताए ।
उक्त छोटी भन्सारको आफ्नै १३ धुर जग्गामा पुरानो भवनसमेत रहेको छ । हाल भवनको रेखदेख र रङरोगन वडा कार्यालयले गरिरहेको जनाएको छ ।
आठ वटामध्ये सञ्चालनमा रहेको आठमौजा छोटी भन्सार काँकरभिट्टाको मूल भन्सारबाट ७५ किलोमिटर पश्चिम दक्षिणमा रहेको छ । यहाँको भारततिर फत्तेपुर बजार रहेको छ । नकलबन्दा, सतिघट्टा, महाभारा र गाडागल्ली छोटी भन्सारको जीर्ण अवस्थाको आफ्नै भवन छ । तर, सीमापारि भारतीय क्षेत्रमा ठूलो बजार छैन । सशस्त्र प्रहरीले यी सीमानाकामा सुरक्षा दिँदै आएको छ । रासस

# फिलिपिन्सः मेयनको खरानीले गाउँहरू खाली



**मनिला ।**
फिलिपिन्सको प्रसिद्ध तर जोखिमपूर्ण मेयन ज्वालामुखीबाट एक्कासि खसेको बाक्लो खरानीले जनजीवन प्रभावित बनाउँदा ३०० भन्दा बढी परिवार विस्थापित भएका छन् । अधिकारीहरूका अनुसार सप्ताहन्तमा ज्वालामुखीको ढलानमा जम्मा भएको लावा एक्कासि खस्दा ठूलो मात्रामा खरानी फैलियो, जसका कारण आसपासका बस्तीहरू तत्काल खाली गराउनुपरेको थियो ।
अधिकारीहरूका अनुसार मेयनबाट कुनै ठूलो विस्फोट नभए पनि यसको दक्षिणपश्चिमी ढलानमा जम्मा भएको लावाको विशाल भण्डार अचानक खस्दा पाइरोक्लास्टिक प्रवाह उत्पन्न भएको थियो । फिलिपिन्स इन्स्टिच्युट अफ भोल्कानोलोजी एन्ड सिस्मोलोजीका निर्देशक टेरेसिटो बाकोलकोलका अनुसार तातो चट्टान, खरानी र ग्यास मिसिएको यो प्रवाह शनिबार रातअघि तीव्र गतिमा तल झरेको थियो, जसले आसपासका क्षेत्रमा भय र त्रास फैलाएको थियो ।
यस घटनाबाट कुनै मानवीय क्षति नभएको जानकारी दिइएको छ । तर तीन सहरअन्तर्गत पर्ने ८७ वटा गाउँमा खरानीको बाक्लो बादल फैलिँदा जनजीवन प्रभावित भएको थियो । दृश्यता अत्यन्त न्यून हुँदा सवारी आवागमनमा समेत समस्या आएको अधिकारीहरूले बताएका छन् ।
ज्वालामुखीको फेदमा रहेको क्यामालिग सहरका मेयर कालोय बाल्डोका अनुसार खरानीको घनत्व यति धेरै थियो कि मुख्य राजमार्गमा समेत शून्यजस्तै दृश्यता भएको थियो ।
उनले केही स्थानीय बासिन्दा डराएको भएपनि प्रशासनले उनीहरूलाई संयमित रहन आग्रह गरेको जानकारी दिए । खरानीका कारण कृषिमा पनि असर परेको छ । विशेषगरी तरकारी खेतीमा क्षति पुगेको छ भने क्यामालिग क्षेत्रमा चार वटा पानी भैँसी र एउटा गाईको मृत्यु भएको बाल्डोले बताउनुभयो । अल्बे प्रान्तअन्तर्गत करिब आठ हजार जनसङ्ख्या रहेको उक्त क्षेत्रमा अहिले सफाइ र पुनःस्थापनाको काम जारी रहेको छ ।
निर्देशक बाकोलकोलका अनुसार हाल अवस्था केही शान्त देखिए पनि जोखिम पूर्ण रूपमा टरेको छैन । उनले मेयन ज्वालामुखी सधैँ सतर्कताका साथ निगरानीमा राखिएको उल्लेख गरे । समुद्र सतहदेखि दुई हजार ४६२ मिटर (आठ हजार ७७ फिट) उचाइमा रहेको मेयन ज्वालामुखी यसको सममित शङ्कु आकारका कारण फिलिपिन्सको प्रमुख पर्यटकीय आकर्षण मानिन्छ । तर यही ज्वालामुखी देशका २४ सक्रिय ज्वालामुखीमध्ये सबैभन्दा सक्रिय पनि हो ।
यसअघि जनवरीमा साना विस्फोटहरूको शृङ्खलापछि अधिकारीहरूले पाँच–चरणीय चेतावनी प्रणालीअन्तर्गत जोखिम स्तर ३ मा बढाएका थिए । ती विस्फोटहरूले शिखर क्रेटरबाट गाडी बराबर आकारका चट्टानहरू बाहिर फ्याँकेको र घातक पाइरोक्लास्टिक प्रवाह उत्पन्न गरेको जनाइएको छ । चेतावनी प्रणालीअनुसार स्तर ५ पुगेको अवस्थामा ज्वालामुखीबाट अत्यन्त खतरनाक विस्फोट, लावा प्रवाह, भारी खरानी वर्षा र पाइरोक्लास्टिक प्रवाह हुने भएकाले मानव जीवनमा गम्भीर जोखिम हुने गर्दछ । रासस

# दुबई विमानस्थलमा यात्रुको संख्यामा भारी गिरावट

**दुबई ।**
मध्यपूर्व युद्धको क्रममा संयुक्त अरब इमिरेट्स (युएई)मा इरानले गरेको आक्रमणपछि मार्चमा दुबई विमानस्थलको यात्रु आवागमनमा दुई तिहाइले कमी आएको इमिरेट्सको सञ्चार कार्यालयले सोमबार एक विज्ञप्तिमा जानकारी गराएको छ ।
अन्तर्राष्ट्रिय यात्रु ट्राफिकका लागि विश्वकै सबैभन्दा व्यस्त मानिने दुबई इन्टरनेशनल विमानस्थलमा यात्रुको संख्या घटेर २५ लाखमा झरेको दुबई सञ्चार कार्यालयले जनाएको छ ।
अमेरिका–इरान युद्धका कारण मध्यपूर्वमा तनाव बढ्दा विमानस्थलले क्षेत्रीय अवरोधको सामना गर्नुपरेको र यसले हवाई क्षेत्र क्षमता र उडान तालिकामा उल्लेखनीय रूपमा बाधा पुर्याएको छ । दुबई सञ्चार कार्यालयले अगाडी भनेको छ, 'युएई भित्रको हवाई क्षेत्र अब



पूर्ण रूपमा पुनस्थापित भएको छ, दुबईका विमानस्थलहरू उपलब्ध क्षेत्रीय मार्ग क्षमतासहित उडान बढाउन निर्णायक रूपमा अघि बढिरहेका छन् ।'
अमेरिका–इजरायल आक्रमणको इरानले गरेको बदलामा तेल सम्पन्न युएईले कैयौँ पटक दुबई इन्टरनेशनललाई निशाना बनाएको थियो । सन् २०२६ को पहिलो त्रैमासिकमा त्रैमासिक ट्राफिक २१ प्रतिशतले घटेर एक करोड ८६ लाखमा झरेको थियो । दुबई इन्टरनेशनलले गत वर्ष सबैभन्दा बढी नौ करोड ५२ लाख यात्रुलाई सेवा दिउको थियो । यो सङ्ख्या यो वर्ष नौ करोड ९५ लाख पुग्ने आशा गरिएको थियो ।
दुबई एयरपोर्टका कार्यकारी प्रमुख पल ग्रिफिथ्सले भन्नुभयो, "विगत केही हप्तामा भएका असाधारण घटनाहरूले कुनै पनि प्रमुख विमानस्थलका लागि अकल्पनीय परिणाममा सावित बनेका छन् । रासस

# ऊर्जा सङ्कटबीच जापान–अस्ट्रेलिया सहकार्य विस्तार

**मेलबर्न ।**
विश्वव्यापी ऊर्जा आपूर्ति अस्थिर बन्दै गइरहेका बेला जापान र अस्ट्रेलियाले ऊर्जा सुरक्षा, रक्षा र महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्यलाई अझ गहिरो बनाउने सहमति गरेका छन् । इरानसँग सम्बन्धित द्वन्द्वका कारण आपूर्ति श्रृङ्खलामा देखिएको दबाबबीच दुवै देशले रणनीतिक साझेदारी मजबुत बनाउने निर्णय गरेका हुन् । जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार सम्हालेपछि पहिलो औपचारिक विदेश भ्रमणका क्रममा सोमबार अस्ट्रेलियाको संसद् भवनमा आफ्ना समकक्षी एन्थोनी अल्बानिजसँग भेटवार्ता गर्नुभयो । भेटमा दुवै नेताबीच क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षासँग सम्बन्धित विविध विषयमा गहन छलफल भएको जनाइएको छ ।
ताकाइचीका अनुसार चीन, दक्षिणपूर्व एसिया, प्रशान्त टापु राष्ट्रहरू, आणविक मुद्दा तथा उत्तर कोरियाद्वारा अपहरण गरिएका नागरिकका विषयमा समेत रणनीतिक संवाद भएको थियो । उनले स्ट्रेट अफ हर्मुज क्षेत्रमा उत्पन्न तनावले इन्डो–प्यासिफिक क्षेत्रमा गम्भीर प्रभाव पारेको उल्लेख गर्दै यस्ता परिस्थितिमा दुवै देशले समन्वय गरेर छिटो प्रतिक्रिया दिने सहमति भएको बताए । ऊर्जा निर्भरताको दृष्टिले पनि दुवै देशबीच सम्बन्ध महत्त्वपूर्ण रहेको छ । अस्ट्रेलियाले जापानलाई आवश्यक पर्ने तरलीकृत प्राकृतिक ग्यासको करिब आधा हिस्सा आपूर्ति गर्दै आएको छ भने जापान अस्ट्रेलियालाई रिफाइन्ड पेट्रोल र डिजेल आपूर्ति गर्ने प्रमुख देशहरूमध्ये एक हो । अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि उत्पन्न आपूर्ति अवरोधलाई ध्यानमा राख्दै अस्ट्रेलियाले वैकल्पिक स्रोत सुनिश्चित गर्न पहल गरिरहेको छ । यसै क्रममा प्रधानमन्त्री अल्बानिजले हालै सिङ्गापुर, ब्रुनाई र मलेसियाको भ्रमण गरी इन्धन आपूर्ति बढाउने प्रयास गरेका थिए ।
सोमबार सम्पन्न सहमतिहरूले दुवै देशका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अल्बानिजले बताए । उनका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व बजारमा आएको अस्थिरताको असरबाट अस्ट्रेलियालीहरूलाई कम जोखिम हुने वातावरण निर्माण गर्न यो सहकार्य उपयोगी हुनेछ । ऊर्जा सुरक्षासम्बन्धी संयुक्त वक्तव्यमा आवश्यक इन्धन र ग्यासको खुला व्यापार प्रवाह कायम राख्ने तथा वर्तमान सङ्कटलाई संयुक्त रूपमा सामना गर्ने प्रतिबद्धता दोहो¥याइएको छ । साथै आर्थिक सुरक्षा सहकार्यअन्तर्गत भूराजनीतिक तनाव, आर्थिक दबाब तथा बजार अवरोध जस्ता जोखिमबारे परामर्शलाई निरन्तरता दिने सहमति पनि गरिएको छ ।
दुवै देशले विशेषगरी महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्य बढाउने विषयलाई प्राथमिकतामा राखेका छन् । रक्षा, विद्युतीय सवारी तथा प्रविधि उद्योगका लागि आवश्यक दुर्लभ पृथ्वी तत्वको आपूर्ति व्यवस्थापनमा चीनको प्रभुत्वलाई सन्तुलन गर्ने उद्देश्य यसमा देखिएको छ ।
संयुक्त विज्ञप्तिमा गैर–बजार नीतिहरू, निर्यात प्रतिबन्ध तथा आर्थिक दबाबका अभ्यासप्रति चिन्ता व्यक्त गर्दै यस्ता प्रवृत्तिले विश्व बजारमा असन्तुलन सिर्जना गर्ने उल्लेख गरिएको छ । महत्वपूर्ण खनिजलाई आर्थिक सुरक्षा साझेदारीको प्रमुख आधारका रूपमा विकास गर्ने घोषणा पनि गरिएको छ ।
यसैअनुसार अस्ट्रेलियाले जापानसँग सम्बन्धित खनिज परियोजनाहरूमा सहयोग गर्न एक अर्ब ३० करोड अस्ट्रेलियन डलरसम्म लगानी उपलब्ध गराउने जनाएको छ । रक्षा सहकार्यतर्फ पनि नयाँ कदम अघि बढाइएको छ । जापान र अस्ट्रेलियाका रक्षामन्त्रीहरूले हालै जापानी डिजाइनका तीन युद्धपोत आपूर्तिसम्बन्धी बहु–अर्ब डलरको सम्झौतामा हस्ताक्षर गरिसक्नुभएको छ ।रासस

# भन्सार कडाइसँगै भद्रपुर बजारमा चहलपहल, नेपाली व्यवसायी खुसी




दिपक चन्द
झापा ।
वर्षैभरि प्रायः सुनसान रहने देशकै पुरानो सहर भद्रपुर बजारमा यतिबेला भने चहलपहल बढ्न थालेको छ । नेपाल सरकारले सीमावर्ती भन्सार नाकामा कडाइ गरेसँगै स्थानीय बजारमा व्यापारिक सम्भावना देखिन थालेपछि यहाँका नेपाली व्यवसायीहरु खुसी भएका छन् । लामो समयदेखि भारतीय बजारमा निर्भर रहेका उपभोक्ता र व्यापारीहरू क्रमशः स्वदेशी बजारतर्फ फर्किन थालेपछि भद्रपुरको व्यापारमा सकारात्मक सङ्केत देखिएको छ ।

भारततर्फबाट नेपाल ल्याउँदा रु एक सयभन्दा बढीका सामानमा भन्सार लाग्ने भएपछि नेपालतर्फबाट बजार चलायमान हुन थालेको स्थानीयहरु बताउँछन् ।

झापाको भद्रपुर आसपासका स्थानीयका लागि भारतको विहार राज्यअन्तर्गत पर्ने गलगलिया बजार प्रमुख किनमेल केन्द्रका रूपमा स्थापित थियो । दैनिक उपभोग्य सामग्रीदेखि लत्ताकपडा र अन्य सामान सस्तो मूल्यमा पाइने भएकाले नेपाली उपभोक्ताको आकर्षण त्यहीँ केन्द्रित हुने गरेको थियो । तर पछिल्लो समय भन्सार नाकामा कडाइ गरिएपछि त्यसको प्रत्यक्ष प्रभाव सीमावर्ती बजारको व्यापारिक गतिविधिमा परेको देखिन्छ ।

भद्रपुर–६ स्थित 'रवि वस्त्रालय'का सञ्चालक रवि गुप्ताका अनुसार केही समयअघि सम्म व्यापार अत्यन्तै सुस्त अवस्थामा पुगेको थियो । 'व्यापार छोडेर अन्य विकल्प खोज्नुपर्ने अवस्था आउँदै थियो,' उनले भने, 'तर पछिल्ला केही दिनको व्यापारले फेरि आशा जगाएको छ ।' उनका अनुसार हालको व्यापार विगतको तुलनामा ३० देखि ४० प्रतिशतले वृद्धि भएको छ । यही अवस्था कायम रहिरहेमा व्यापार शतप्रतिशतसम्म बढ्नेमा उनी विश्वस्त देखिन्छन् ।

त्यस्तै, भद्रपुर–६ मै 'राजेश स्टोर'का सञ्चालक शत्रुधन प्रसाद पनि पछिल्लो व्यापारिक अवस्थालाई आशाजनक मान्छन् । उनका अनुसार केही दिनको कारोबारले बजारमा सकारात्मक सङ्केत दिएको भए पनि यसको स्थायित्वबारे भने अझै अनिश्चितता रहेको छ । 'यदि भन्सारमा कडाइ निरन्तर रह्यो भने व्यापार अझै बढ्न सक्छ,' उनले भने ।

भद्रपुरका पुराना पत्रकार देवेन्द्रकिशोर ढुङ्गानाले भद्रपुरको ऐतिहासिक व्यापारिक महत्वबारे स्मरण गर्दै विगतमा यो क्षेत्र निकै चर्चित रहेको बताउँछन् । '२०३४ सालसम्म भद्रपुरमै झापाको प्रमुख भन्सार कार्यालय थियो,' उनले भने, 'तर पछि त्यो काँकडभिट्टामा स्थानान्तरण भएपछि भद्रपुरको व्यापारिक चहलपहल क्रमशः घट्दै गयो ।' उनका अनुसार अहिलेको भन्सार कडाइले तत्काल विगतको जस्तो रौनक फर्काउन नसके पनि व्यापारमा केही सकारात्मक प्रभाव भने अवश्य पार्नेछ ।

सीमापारिको अवस्थाले पनि यस परिवर्तनलाई पुष्टि गर्छ । भारतको गलगलिया क्षेत्रमा किराना पसल सञ्चालन गर्दै आएका प्रदीप घोषका अनुसार नेपाली ग्राहक घटेपछि व्यापारमा ठूलो गिरावट आएको छ । 'हाम्रो मुख्य ग्राहक नेपाली नै थिए, उनीहरू आउन छाडेपछि व्यापार ६० देखि ७० प्रतिशतले घटेको छ,' उनले भने ।

यही अवस्था लामो समयसम्म रहिरहेमा अन्य विकल्प खोज्नुपर्ने बाध्यता आउन सक्ने उनको भनाइ छ । तर सबै व्यापारीको अनुभव भने समान छैन । गलगलियामै 'सेवारो कपडा पसल' सञ्चालन गर्दै आएका नेपाली मूलका व्यापारी नारायण लिम्बूले भने व्यापार पुनः सामान्य अवस्थामा फर्किन थालेको बताउँछन् । 'केही दिन फरक परे पनि अहिले ग्राहक फेरि आउन थालेका छन्', उनले भने, 'घरायसी प्रयोजनका लागि सानो परिमाणमा सामान ल्याउन दिइएकाले व्यापार पहिलेको जस्तै हुन थालेको छ ।' त्यस्तै, गलगलियाबाट केही पर फुटवेयर व्यवसाय सञ्चालन गर्दै आएका राजन चौधरीले भने भारतीय ग्राहककै भरमा व्यापार टिकाइराख्नुपरेको बताउँछन् । 'नेपाली ग्राहकको संख्या उल्लेख्य रूपमा घटेको छ,' उनले भने, 'यसले हाम्रो व्यापारमा ३० प्रतिशतभन्दा बढी कमी ल्याएको छ ।'


भन्सार कडाइको प्रभाव आवतजावतमा पनि देखिएको छ ।

भद्रपुर भन्सार कार्यालयका सूचना अधिकारी प्रेमबहादुर लामाका अनुसार सीमामा आवागमन घट्दा राजस्व सङ्कलनमा प्रत्यक्ष असर परेको छ । मानिसहरूको आवागमन कम भएपछि भन्सारबाट हुने राजस्वमा पनि कमी आउँछ,' उनले बताए । सुरक्षा निकायले पनि सीमामा निगरानी बढाएको छ । सशस्त्र प्रहरी बल नेपाल नं २ गण हेडक्वार्टर झापाका सशस्त्र प्रहरी नायब उपरीक्षक शङ्कर शाहका अनुसार घरायसी प्रयोजनका लागि ल्याइने सामानमा केही सहुलियत दिइए पनि स्क्रिनिङ गरेर मात्र भित्रिन दिइन्छ । 'व्यापारिक र व्यक्तिगत प्रयोजन छुट्याएर आवश्यक भन्सार तिराएर मात्र सामान भित्रिन दिइएको छ,' उनले भने ।

उनका अनुसार अवैध चोरी निकासी नियन्त्रणका लागि सशस्त्र प्रहरीले निरन्तर प्रयास गरिरहेको भए पनि भारतसँगको खुला सीमाका कारण पूर्ण नियन्त्रण चुनौतीपूर्ण रहेको छ । 'लामो खुला सीमा भएकाले पूर्ण नियन्त्रण सजिलो छैन, तर नियन्त्रणका प्रयासहरू निरन्तर जारी छन्,' उनले स्पष्ट पारे । भद्रपुर भन्सार कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८२÷८३ को वैशाख १९ गतेसम्ममा रु १३ करोड ४३ लाख ७९ हजार राजस्व सङ्कलन भएको छ । उक्त नाकाबाट कपडा, हार्डवेयर, खाद्यान्न, विद्युतीय सामग्रीलगायत वस्तु आयात हुने गरेको छ ।

समग्रमा, भन्सार कडाइले सीमावर्ती व्यापारको ढाँचामा परिवर्तन ल्याएको देखिन्छ । एकातर्फ नेपाली बजारमा चहलपहल बढेको छ भने अर्कोतर्फ भारतीय बजारमा यसको प्रत्यक्ष असर परेको छ । यद्यपि, यो अवस्था दीर्घकालीन रूपमा कस्तो रहने भन्ने विषय अझै अनिश्चित छ । यदि सरकारले अपनाएको कडाइ निरन्तर र प्रभावकारी रूपमा कायम राख्न सकेमा भद्रपुरजस्ता पुराना बजारहरू पुनर्जीवित हुने सम्भावना देखिएको छ । रासस

# पोखरा महानगरपालिकाद्वारा अतिक्रमित संरचना हटाउन सूचना जारी



कास्की ।
पर्यटकीय राजधानी पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि पाँच दशकअघि जमिन छुट्याइएको थियो । विसं २०३२ मा पृथ्वीचोकमा २०५ रोपनी जग्गामा बसपार्क बनाउने योजना अघि सारिएको थियो । पूर्वमा सेती नदी, पश्चिममा साबिकको ट्राफिक भवन, दक्षिणमा एयरपोर्ट र उत्तरमा साल्ट ट्रेडिङको भित्रको चार किल्लाभित्र बसपार्कका लागि छुट्याएर राजपत्रमा प्रकाशित गरिएको थियो ।

बसपार्कका लागि जमिन छुट्याएको ५० वर्षसम्म काम नहुँदा २०५ रोपनी जमिन अहिले आएर ४७ रोपनीमा खुम्चिएको छ । बसपार्कको जग्गामा सुकुमवासी छन् । पोखरा महानगरपालिकाले गरेको अध्ययनअनुसार बसपार्कको जमिनमा ४०० बढी सुकुमवासी परिवार बस्दै आएका छन् । लामो समयसम्म बसपार्क नबन्दा अहिले सडक पेटीबाट नै लामो तथा छोटो दूरीका बसहरु आफ्नो गन्तव्यमा छुट्ने गरेका छन् । यसबाट पोखराको पृथ्वीचोक क्षेत्रमा सधैँ यातायात अस्तव्यस्त हुने र लामो जामको समस्या निम्तिएको छ ।

पछिल्लो समय पोखरा महानगरपालिकाले महानगरभित्र अतिक्रमण गरी बनाइएको संरचना हटाउनका लागि ३५ दिनको सूचना जारी गरेको छ । यही वैशाख ३ गते कार्यपालिकाको बैठक बसी महानगरपालिकाले अतिक्रमित संरचना हटाउन सूचना गरेको हो । संघीय राजधानी काठमाडौँमा केही दिनयता अतिक्रमित जमिन खाली गराउनेक्रम जारी छ । पोखरामा रहेका पनि सुकुमवासीले व्यवस्थापन विना आफूहरुलाई हटाउन नहुने उनीहरुको माग छ ।

बसपार्क भित्रको कृष्ण टोल आमा समूहकी अध्यक्षसमेत रहेकी स्थानीय रुपा केसीले आफूहरु अव्यवस्थित भएर बस्न नचाहेको सुनाइन् । उचित व्यवस्थापन गरेर मात्र बसपार्क बनाउन विगतदेखि नै भन्दै आएको उनी बताउँछिन् । उनी भन्छिन्, 'सुकुमवासीहरु कहिल्यै पनि बसपार्कको विरोधी होइनौँ ।

हाम्रो उचित व्यवस्थापन भएको खण्डमा हामी अहिले बसिरहेको ठाउँ छोड्न तयार छौँ, सरकारले गर्ने विकासमा सहयोग गर्छौं ।'

भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सङ्घर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरुङले बसपार्कका सुकुमवासीलाई सकभर अहिले बसोबास गरिरहेको वडा नं ९ भित्र वा नजिकको वडामा पहिला व्यवस्थापन गर्नुपर्ने बताउँछन् । व्यवस्थापन विना महानगरले बसोबास गरिरहेको स्थान खाली गर्नका लागि सूचना जारी गरेपछि आफूहरु चिन्तित बनेको उनको भनाइ छ । उनले भने, 'महानगर कार्यपालिकाको निर्णयले भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुलाई चिन्तित भइरहेको छ । उपयुक्त वैकल्पिक अवस्था पहिला महानगरले गरोस् र बल्ल २०५ रोपनी जमिनभित्र नै बसपार्क निर्माण होस् ।'

मजदुर नेता रुद्र गौतमले बसपार्कका अतिक्रमित संरचना हटाउने काम थाले सरकारको कदममा आफूहरुको सहयोग रहने बताए । बसर्पाकका लागि छुट्याएको २०५ रोपनी जमिनमै बसपार्क बनाउनुपर्ने उनको भनाइ छ ।

उनले भने, 'बसपार्कको जग्गा विभिन्न कालखण्डमा पहुँच र शक्तिको दुरुपयोग गरी व्यक्तिगत पहुँचका आधारमा पुर्जा बनाएर घडेरी किनबेच भएको छ । वास्तविक सुकुमवासीलाई विकासको बाधक देख्ने काम गलत छ । पहिला विगतमा छुट्याइएको पूरै जग्गा खाली हुनुपर्दछ, त्यस्तो भएमा हाम्रो सहयोग रहन्छ ।' रासस

# सौराहामा पर्यटकको आगमन उत्साहजनकः व्यवसायी



चितवन ।
सातामा दुई दिन बिदा भएसँगै यहाँका पर्यटकीय क्षेत्रहरु चलायमान बनेका छन् । जिल्लाको मुख्य पर्यटकीय गन्तव्य सौराहामा विगतको तुलनामा छुट्टीको समयमा पर्यटक बढेको व्यवसायीले जनाएका छन् । चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधिमा रमाउन यहाँ पर्यटक आउने गर्दछन् । गोष्ठीहरु र विवाहका लागि पनि पर्यटक सौराहा आउने गर्दछन् । गत वर्षहरुको तुलनामा यस वर्ष पर्यटकको आगमन उत्साहजनक देखिएको व्यवसायीको भनाइ छ ।

क्षेत्रीय होटल सङ्घका उपाध्यक्ष गुणराज थपलियाले शुक्रबार, शनिबार र आइतबार स्वदेशी पर्यटकको आगमन बढेकाले सौराहा चलायमान भएको छ । उनले भने, 'बिदाको दिनमा विदेशी पर्यटक मात्रै पनि ४० प्रतिशतभन्दा बढी छन् ।' भारतीय, चिनियाँ र तेस्रो मुलुकका पर्यटक सौराहा आएका छन् । बिदाको दिनमा पर्यटकको संख्या नेपाली बढी हुने भए पनि अन्य दिनहरुमा विदेशी ७० प्रतिशत हाराहारी छन् । सरदर यो वर्ष ५० प्रतिशत कोठाहरु भरिएका छन् । उनका अनुसार गत वर्ष यो प्रतिशत ४० हाराहारी थियो ।

चितवन आउने बाटो राम्रो भएमा पर्यटक संख्या अरू थपिने व्यवसायीको भनाइ छ । पोखराबाट चितवन आउने बाटो राम्रो भए पनि काठमाडौँ र भैरहवाबाट यहाँ आउने बाटो विस्तारका क्रममा रहेकाले सोचेजस्तो पर्यटक आगमन छैन । होटल भिस्टा सौराहाका सञ्चालक रमेश सिलवाल बिदा हुँदा स्वाभाविक रुपमा पर्यटक बढ्ने बताउँछन् । उनले बिदा हुँदा देशका विभिन्न ठाउँबाट पनि पर्यटक आउन सहज भएको बताए । यस वर्ष आफूले स्विमिङ पुल पनि थप गरेकाले आफ्नो होटलमा पर्यटक बढेको उनको भनाइ छ ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा बिदाको समयमा हात्ती चढ्न पालो कुर्नुपर्ने बताउँछन् । बिदामा पर्यटकको आगमन बढेसँगै पर्यटकीय गतिविधिमा रमाउनेहरुको संख्या पनि बढेको हो । सहकारीअन्तर्गत २५ वटा हात्ती रहेका छन् । ती हात्तीले बिहान र बेलुका पर्यटक घुमाउने गर्दछन् । रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) का पूर्वअध्यक्षसमेत रहनुभएका खतिवडा रेष्टुरेन्टहरु पनि बिदाको समयमा भरिभराउ हुने गरेका छन् । अघिल्लो वर्षका तुलनामा अन्य समयमा पनि पर्यटक बढेको उनले बताए ।

सौराहामा १४८ होटल छन् । जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ । ती होटलमा चार खर्बभन्दा बढी लगानी रहेको अनुमान व्यवसायीको छ । प्रत्यक्ष रूपमा ६ हजार ४०० ले रोजगारी पाएका छन् । अप्रत्यक्ष रोजगारी पाउनेको संख्या १२ हजारभन्दा बढी छ । बर्सात लागेसँगै यहाँ आउने पर्यटकको संख्या घट्ने गर्दछ । रासस

## कृत्रिम गन्ध प्रविधिबाट
# मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण प्रयास

भैरहवा ।
तराई क्षेत्रका मध्यवर्ती बस्तीहरूमा बढ्दो मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न नवीन प्रविधिको परीक्षण थालिएको छ । बाघ र चितुवाजस्ता वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्नबाट रोक्ने उद्देश्यले 'कृत्रिम गन्ध सङ्केत' प्रयोगमा ल्याइएको हो । तराई भूपरिधि तथा संरक्षण कार्यक्रमअन्तर्गत गत वर्षदेखि सुरु गरिएको यो प्रविधिले वन्यजन्तुको प्राकृतिक व्यवहारलाई आधार मानेर 'अदृश्य सीमा' निर्माण गर्ने लक्ष्य लिएको कार्यक्रमका प्रबन्धक भरत भट्टले जानकारी दिए ।

उनका अनुसार बाघ र चितुवाले आफ्नो क्षेत्र निर्धारण गर्न पिसाब वा नङले कोतरेर गन्ध छाड्ने गर्छन् । यही प्रक्रियालाई अनुसरण गर्दै कृत्रिम गन्ध प्रयोग गर्दा जनावरलाई आफ्नो क्षेत्रमा अर्को प्रतिस्पर्धी आएको भान हुन्छ र उनीहरू त्यहाँबाट टाढा सर्ने गर्छन् । 'मानव बस्तीमा वन्यजन्तु प्रवेश नगरुन् भन्ने उद्देश्यले ३० वटा रणनीतिक स्थानमा क्यामेरा र विशेष प्रकारका 'डिस्पेन्सर' जडान गरिएको छ', भट्टले भने, 'यी उपकरणले निश्चित गन्ध फैलाएर जनावरलाई फर्कन बाध्य बनाउँछन् ।'

भट्टका अनुसार प्रयोग गरिएका गन्ध कुनै पनि हिसाबले हानिकारक छैनन् । यसले मानिस र वन्यजन्तु दुवैलाई असर नगर्ने बताइएको छ । प्रारम्भिक अध्ययनमा विभिन्न प्रकारका गन्धमध्ये केहीले चितुवा र बाघलाई प्रभावकारी रूपमा रोक्न सफल भएको देखिएको छ । गत वर्ष गरिएको परीक्षणमा दुई प्रकारका गन्धले चितुवालाई, दुईले बाघलाई तथा एउटाले दुवै प्रजातिलाई रोक्न सफल भएको पाइएको भट्टले जानकारी दिए । हाल थप चारदेखि पाँच प्रकारका गन्धमा परीक्षण भइरहेको छ ।

कार्यक्रम अधिकृत प्रतीक शाहका अनुसार यो अनुसन्धानमूलक परियोजना पाँच वर्षका लागि सञ्चालनमा ल्याइएको हो । 'चितुवा र बाघलाई मानव बस्तीबाट सुरक्षित दूरीमा राख्नु नै यस अध्ययनको मुख्य लक्ष्य हो', उनले भने, 'यदि यो प्रविधि सफल भयो भने भविष्यमा मानव र वन्यजन्तुबीच स्थायी 'अदृश्य सीमा' कायम गर्न सकिन्छ ।'

उनका अनुसार खाता करिडोर क्षेत्रका ३० स्थानमा जडान गरिएका स्वचालित क्यामेरामार्फत वन्यजन्तुको गतिविधि र उनीहरूको प्रतिक्रिया निरन्तर



अनुगमन गरिन्छ । यसबाट प्राप्त तथ्याङ्कले प्रविधिको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । 'टी' आकारको पाइपमा एकपटक केमिकल राख्दा एक महिनासम्म गन्ध रहिरहन्छ । शाहका अनुसार यो परीक्षण सफल भयो भने वन्यजन्तुबाट बस्तीमा हुने क्षति घट्छ । तारबारजस्ता संरचनामा भइरहेको लगानी पनि कम हुन्छ ।

खाता सामुदायिक वन समन्वय समितिका प्राविधिक खगेन्द्र थापाले स्थानीयस्तरमा यो प्रविधिले सकारात्मक सन्देश दिएको बताए । 'सन् २०१४ देखि क्यामेरा ट्र्यापिङमा संलग्न रहँदै आएका छौँ', उनले भने, 'अहिले प्रयोग भइरहेका क्यामेराहरू अत्यन्त संवेदनशील छन्, जसले ३० सेकेन्डसम्मको भिडियो र सानोतिनो आवाजसमेत कैद गर्न सक्छन् ।'

उनका अनुसार मानव–वन्यजन्तु द्वन्द्व बढी हुने क्षेत्रमा यस्ता प्रविधिले स्थानीय बासिन्दामा सुरक्षाको अनुभूति दिलाउनुका साथै दीर्घकालीन समाधानतर्फ मार्गनिर्देशन गर्न सक्छ । यदि यहाँ सफल भयो भने देशका अन्य प्रभावित क्षेत्रमा पनि यो मोडेल विस्तार गर्न सकिन्छ ।

तराईका विभिन्न जिल्लामा पछिल्ला वर्षहरूमा बाघ, चितुवा तथा जङ्गली जनावरको बस्ती प्रवेशका घटना बढ्दै जाँदा मानवीय क्षति र त्राससमेत बढेको छ । यस्तो अवस्थामा वैज्ञानिक आधारमा यो विकसित प्रविधिको प्रयोगले द्वन्द्व न्यूनीकरणमा विश्व वन्यजन्तु कोषअन्तर्गत सञ्चालन भइरहेको तराई भूपरिधि तथा संरक्षण कार्यक्रम नेपाल र भारतका तराई क्षेत्रलाई समेट्ने दीर्घकालीन पहल हो । यस कार्यक्रममार्फत जैविक विविधता संरक्षण, वन्यजन्तुको आवास व्यवस्थापन तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका गतिविधि सञ्चालन हुँदै आएका छन् ।

परियोजनाका कोहलपुरका कार्यक्रम सहप्रबन्धक राजन रिजालका अनुसार निकुञ्जहरूको पारिस्थितिक प्रणाली सुदृढीकरण तथा सुरक्षा व्यवस्थापनका लागि विभिन्न कार्यक्रम कार्यान्वयन भइरहेका छन् । बर्दिया राष्ट्रिय निकुञ्जभित्र वन्यजन्तुको बासस्थान सुधारका लागि सिमसार क्षेत्र निर्माण तथा घाँसेमैदान व्यवस्थापन, पानीको अभाव हुने क्षेत्रमा वन्यजन्तुलाई पिउने पानीको सहज उपलब्धताका लागि सौर्य ऊर्जामा आधारित पम्प जडान तथा अवैध गतिविधि नियन्त्रण तथा निगरानी सुदृढ गर्न 'स्पाइक क्यामेरा' जडान गरिएको उनले बताए । निकुञ्ज प्रशासनको नेतृत्वमा सञ्चालन भइरहेका संरक्षणमुखी कार्यक्रमहरूमा पनि डब्लुडब्लुएफ नेपालको सहयोगी भूमिका रहेको रिजालले जानकारी दिए । रासस

## सीमाना नीतिविरुद्ध राष्ट्रिय एकता दलको प्रदर्शनः

# ‘डोजर आतंक अन्त्य गर’

**काठमाडौँ ।**
काठमाडौँस्थित माईतिघर मण्डलामा सोमबार राष्ट्रिय एकता दलले सीमाना क्षेत्रमा लागू गरिएको १ सय रुपैयाँको प्रावधान खारेजी तथा तथाकथित ‘डोजर आतंक’ अन्त्यको माग गर्दै प्रदर्शन गरेको छ । दुई सयजनाको सहभागिता रहेको कार्यक्रममा कार्यकर्ता र नेताहरूले सरकारविरुद्ध चर्को नाराबाजी गर्दै असन्तुष्टि व्यक्त गरेका थिए ।

प्रदर्शनमा सहभागीहरूले सीमाना क्षेत्रमा गरिब नागरिकमाथि भइरहेको अन्याय, कडाइ तथा भेदभावपूर्ण व्यवहारको विरोध गरेका थिए । कार्यक्रम दलका केन्द्रीय अध्यक्ष विनय यादवको नेतृत्वमा सम्पन्न भएको थियो । साथै नेता तोयानाथ दहाल, कालानंद मिश्र र प्यारी तामाङ लगायतले पनि सम्बोधन गरेका थिए ।




अध्यक्ष यादवले सीमाना क्षेत्रमा लागू गरिएको एकसय रुपैयाँको प्रावधानले गरिबमाथि अन्याय भइरहेको आरोप लगाउँदै सरकारको नीति दोहोरो रहेको टिप्पणी गरे । उनका अनुसार धनीका लागि नियम फितलो बनाइन्छ भने गरिबका लागि कडा रूपमा लागू गरिन्छ । ‘एयरपोर्टबाट सुन र रक्सी सजिलै भित्रिन्छ, तर किसानले ल्याएको चामलसमेत जाँचिन्छ,’ उनले भने, ‘यो दोहोरो मापदण्ड अब सहिँदैन ।’

त्यसैगरी, उनले डोजर प्रयोग गरी जनताको घर भत्काउने कार्य तत्काल बन्द गर्न माग गर्दै पूर्वसूचना बिना गरिने कारबाहीलाई मानव अधिकारको ठाडो उल्लङ्घन बताएका थिए । उनले सरकारसँग सीमावर्ती नागरिकको अधिकार सुनिश्चित गर्न, किसानलाई आवश्यक मलखाद उपलब्ध गराउन र गरिबमाथिको दमन तुरुन्त रोक्न आग्रह गरे ।

प्रदर्शनका क्रममा सहभागीहरूले विभिन्न नारामार्फत आफ्ना मागहरू प्रस्तुत गरेका थिए । ‘सीमामा १०० को नियम हटाऊ, गरीबको हक अधिकार बचाऊ !’, ‘एयरपोर्टमा सुन–रक्सी छुट, गरिबको चामल किन जाँच कुट ?’, ‘पूर्व सूचना बिना डोजर बन्द गर, जनताको घरमा अन्याय अन्त गर !’ लगायतका नारा घन्किएका थिए । साथै ‘डोजर आतंक अब सहिँदैन’, ‘सीमानाका किसानलाई मल देऊ’, ‘नेपाल–भारत सीमामा अन्याय बन्द गर’ जस्ता सशक्त नाराले प्रदर्शनस्थल गुन्जिएको थियो ।

प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको आयोजकले जनाएको छ । दलले आफ्ना मागहरू सम्बोधन नभए थप कडा आन्दोलन गर्ने चेतावनी समेत दिएको छ ।

# पत्रकारलाई मार्ने धम्कीप्रति प्रेस मंचको आपत्ति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रेस मंच नेपालले आफ्ना केन्द्रीय सदस्य तथा नेपाल प्रेसका मधेश ब्यूरो प्रमुख शिव अधिकारी यदुवंशीमाथि आएको ज्यान मार्ने धम्कीप्रति गम्भीर आपत्ति जनाउँदै तीव्र निन्दा र भत्र्सना गरेको छ ।



संस्थाले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा यदुवंशीले समाचार लेखेकै कारण अज्ञात व्यक्तिबाट ‘ठाउँको ठाउँ मारिदिने’ भन्ने धम्की प्राप्त हुनु प्रेस स्वतन्त्रतामाथिको सिधा आक्रमण भएको उल्लेख गरेको छ । लोकतान्त्रिक समाजमा सञ्चारकर्मीले सत्य र जनहितका विषयमा निर्भीक रूपमा समाचार प्रकाशन गर्नु अपराध नभएको पनि विज्ञप्तिमा जोड दिइएको छ ।

प्रेस मंच नेपालका अनुसार हिजो साँझ करिब ७:४० देखि ७:४५ बजेको बीचमा भारतको पटना क्षेत्रबाट आएको भनिएको स्पाम कलमार्फत हिन्दी भाषामा ‘डीआइजीसम्बन्धी समाचार लेखेर हाम्रो सेटिङ भत्कायौ, १० मिनेटमै जनकपुरमा गोली हान्छु’ भन्ने धम्की दिइएको थियो । यस्तो कार्य अत्यन्त गम्भीर, आपत्तिजनक र दण्डनीय भएको संस्थाको ठहर छ ।

प्रेस मंच नेपालले घटनामा संलग्न व्यक्ति वा समूहको तत्काल पहिचान गरी कडा कानूनी कारबाही गर्न, पत्रकार यदुवंशीको सुरक्षा सुनिश्चित गर्न तथा यस्ता धम्की र दबाबका घटनामा शून्य सहनशीलता अपनाउन सरकारसँग माग गरेको छ ।

साथै, सम्बन्धित निकाय विशेषगरी नेपाल प्रहरीलाई घटनालाई उच्च प्राथमिकतामा राखी निष्पक्ष, पारदर्शी र प्रभावकारी अनुसन्धान गर्न आग्रह गरिएको छ । सञ्चारकर्मीलाई धम्की वा दबाबमा पारेर सत्य बाहिर ल्याउने प्रक्रियामा अवरोध गर्ने जोसुकैलाई पनि उन्मुक्ति दिन नहुने विज्ञप्तिमा उल्लेख छ ।

प्रेस मंच नेपालले सञ्चारकर्मीहरूको पेशागत सुरक्षाप्रति प्रतिबद्ध रहेको जनाउँदै यस्ता धम्की, आक्रमण वा दमनका प्रयासविरुद्ध सशक्त रूपमा उभिने चेतावनी दिएको छ । साथै, दोषीमाथि तत्काल कारबाही नभए कडा आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने पनि चेतावनी दिइएको छ । ‘स्वतन्त्र प्रेसमाथिको हमला, लोकतन्त्रमाथिको हमला हो,’ विज्ञप्तिमा भनिएको छ ।

# नेपाल रेडक्रस सोसाइटीमा युवा र महिलालाई मनोनयन निःशुल्क

**काठमाडौँ ।**
नेपाल रेडक्रस सोसाइटीले पालिकादेखि केन्द्रसम्मको निर्वाचनमा नेतृत्वदायी भूमिकामा युवा र महिलाहरूलाई पु¥याउन प्रोत्साहन गरेको छ ।

सोसाइटीले अध्यक्ष–सभापति–महामन्त्री–महासचिवलगायत प्रमुख पदमा सोसाइटीको सबै तहको नेतृत्वदायी भूमिकामा उनीहरुको सार्थक उपस्थितिका विशेष ध्यान दिएको हो । यसअन्तर्गत महिला र १८ देखि ३० वर्ष उमेर समूहका युवाले नेतृत्वदायी पदहरूमा उम्मेदवारी दिन प्रोत्साहन गर्दै उम्मेदवारी मनोनयन दर्ता निःशुल्क गरेको छ ।

सोसाइटीको विधान २०२० (अठारौँ संशोधन २०८२ सहित) अनुसार संस्थामा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत रहने सुनिश्चित गरेको छ भने सोसाइटीको केन्द्रीयस्तरमा युवा रेडक्रस आयोग, प्रदेशस्तरमा प्रदेश युवा रेडक्रस समिति, जिल्लास्तरमा जिल्ला युवा रेडक्रस समिति र पालिकास्तरमा पालिका युवा रेडक्रस समिति रहने व्यवस्था रहेको छ ।

विधानअनुसार २१ जनाको समिति रहने सोसाइटीको केन्द्रीय समितिमा एक जना महिला उपाध्यक्ष र पाँच जना महिला सदस्य रहने व्यवस्था गरिएको छ ।

पन्ध्र जनाको समिति रहने प्रदेश समितिमा महिला उपाध्यक्ष एक जनासहित सदस्य तीन जनामहिला र युवा समितिबाट महिला एकसहित दुई जनाको सहभागिता रहने व्यवस्था छ ।

सोसाइटीको जिल्ला शाखामा पनि १५ जनाको समिति रहने छ । यसमा एक जना महिला उपसभापति र तीन जना सदस्य महिला हुनुपर्ने व्यवस्था छ भने जिल्लास्तरीय युवा समितिले आफूमध्येबाट छनोट गरेका एक जना महिलासहित दुई जनाको सहभागिता रहने छ ।

सोसाइटीको पालिका शाखामा १५ जनाको समिति रहने व्यवस्थाअनुसार महिला उपाध्यक्ष एक जना र सदस्यमा तीन जना महिला रहने व्यवस्था गरिएको छ ।

यस्तै, पालिका युवा समितिबाट कम्तीमा एक जना महिलासहित दुई जनाको सहभागिता रहने विधानमा व्यवस्था गरिएको छ । नौ जनाको कार्यसमिति रहने उपशाखा तहमा उपसभापति र कोषाध्यक्षमा महिला एक–एक जना अनिवार्य गरिएको छ भने सदस्यमा दुई जना महिला रहने व्यवस्था गरिएको छ ।

सबै तहमा हुने खुल्ला सदस्यमा पनि युवा तथा महिलाले उम्मेदवारी दिन सक्ने व्यवस्था रहेको छ । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ आइएफआरसीले पनि नेपाल रेडक्रस सोसाइटीमा महिला र युवाको नेतृत्वदायी भूमिका रहनुपर्नेमा जोड दिँदै आएको छ ।

सोसाइटीले देशभरका पालिका, जिल्ला, प्रदेश तथा केन्द्रीय समितिहरूको निर्वाचन प्रक्रिया अघि बढाएको छ । जसअन्तर्गत २०८३ वैशाख २६ देखि जेठ ४ गतेसम्म सबै पालिका शाखा समितिहरूको, जेठ १५ गते जिल्ला शाखा समितिहरूको, असार २ गते सातै प्रदेश समितिहरू र प्रत्येक प्रदेशसभाको अधिवेशनमा भाग लिन आएका पालिका प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभाको महाधिवेशनका लागि तोकिएअनुसारका प्रतिनिधिहरूका साथै असार २४ र २५ गते केन्द्रीय समितिको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन कार्य तालिका तय गरेको छ ।

# मुख्यमन्त्री बानियाँको निवास तथा कार्यालयमा छापामारी



**मधेशदृष्टि**
**हेटौँडा ।**
बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको निवास तथा कार्यालयमा सम्पत्ति शुद्धीकरण विभागले छापा मारेको छ । अवैध सम्पत्ति लुकाएको आशंकामा विभागले सोमबार छापा मारेको जनाइएको छ ।

हेटौँडाको सानोपोखरास्थित बानियाँ निर्माण सेवा (बीएनएस) तथा सोही स्थानमा रहेको उनको निवासमा छापा मारेर आवश्यक कागजपत्र नियन्त्रणमा लिएको स्रोतले जनाएको छ ।

यसैगरी, काठमाडौँको नक्साल र सुन्धारास्थित केही स्थानमा समेत विभागले अनुसन्धानका क्रममा छापा मारेको बताइएको छ । नेपाली कांग्रेस बागमती प्रदेश सभापति समेत रहेका बानियाँ केही वर्षअघिसम्म निर्माण व्यवसायमा संलग्न थिए ।

हाल पनि विभिन्न व्यावसायिक कम्पनीहरूमा उनको लगानी रहेको बताइन्छ । घटनाबारे थप अनुसन्धान भइरहेको विभागले जनाएको छ ।

# मिस मिथिला नारी सौन्दर्य प्रतियोगिता जनकपुरधाममा हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाको कला, संस्कृति र परम्परागत सौन्दर्यलाई व्यापक स्तरमा उजागर गर्ने उद्देश्यसहित ‘मिस मिथिला नारी सौन्दर्य प्रतियोगिता’ आयोजना हुने भएको छ । यसको औपचारिक घोषणा जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत गरिएको हो ।

काठमाडौँस्थित थर्ड आइ स्टुडियोले आयोजना गर्न लागेको यस प्रतियोगिताले मिथिलाको मौलिक पहिचानलाई आधुनिक मञ्चमार्फत प्रस्तुत गर्ने लक्ष्य राखेको छ ।

कार्यक्रमका संयोजक हरिस जैसवालका अनुसार प्रतियोगिता केवल सौन्दर्यमा सीमित नरही मिथिलाको सांस्कृतिक प्रतिनिधित्व गर्ने राष्ट्रिय अभियानका रूपमा अघि बढाइएको हो । सहभागी युवतीहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि र दीर्घकालीन करियर निर्माणमा समेत ध्यान दिइने उनले बताए ।

प्रतियोगिताको अडिसन जेठ १६ गते जनकपुरधाम र जेठ २३ गते काठमाडौंमा सञ्चालन हुने तालिका तय गरिएको छ भने फाइनल असार २७ गते काठमाडौंमा आयोजना गरिनेछ । सहभागी हुन इच्छुकले इसेवा मार्फत १०० रुपैयाँ शुल्क तिरेर अनलाइन फारम भर्न सक्ने व्यवस्था गरिएको छ ।

यस प्रतियोगितामा परम्परागत पहिरनलाई विशेष प्राथमिकता दिइएको आयोजकले जनाएको छ । सहभागीहरूले साडी र कुर्ता–सुरुवाल मात्र लगाउनुपर्नेछ भने वेस्टर्न ड्रेसलाई पूर्ण रूपमा निषेध गरिएको छ, जसले मिथिलाको मौलिक पहिरनको संरक्षण र प्रवद्र्धनमा टेवा पु¥याउने अपेक्षा गरिएको छ ।

प्रतियोगितामा प्रथम हुने विजेतालाई स्कुटी पुरस्कार प्रदान गरिनेछ भने द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतिस्पर्धीलाई नगद पुरस्कार दिइनेछ । साथै, उत्कृष्ट प्रतिभालाई विभिन्न राष्ट्रिय परियोजनामा सहभागी गराउँदै उनीहरूको करियर विकासमा सहयोग गर्ने योजना आयोजकले अघि सारेको छ ।

संयोजक जैसवालका अनुसार यो कार्यक्रम केवल प्रतिस्पर्धा नभई प्रतिभाशाली युवतीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पु¥याउने दीर्घकालीन प्लेटफर्म निर्माण गर्ने लक्ष्यसहित सञ्चालन गरिन लागेको हो ।

# जनकपुरधाममा २ अर्बको पाँचतारे होटल निर्माण सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा अन्तर्राष्ट्रियस्तरको पाँचतारे होटल निर्माण प्रक्रिया औपचारिक रूपमा अगाडि बढेको छ । करिब २ अर्ब रुपैयाँ लागतमा निर्माण हुन लागेको १२४ कोठा क्षमताको आधुनिक होटलका लागि सोमबार भूमि पूजन गरिएको हो ।

मिथिला हस्पिटालिटी प्रालि द्वारा जनकपुरधाम उपमहानगरपालिका–१४ मुजेलियामा निर्माण हुन लागेको उक्त परियोजना तीन वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ । परियोजनाले जनकपुरधामलाई धार्मिक केन्द्रसँगै ‘वेडिङ डेस्टिनेसन’ का रूपमा स्थापित गर्ने विश्वास गरिएको छ ।

कम्पनीका अध्यक्ष रामेश्वर साहले निर्माण कार्य अब तीव्र गतिमा अघि बढाइने जानकारी दिँदै यसले शहरको पर्यटन पूर्वाधार विस्तारमा महत्वपूर्ण योगदान पु¥याउने बताए । उनका अनुसार होटलमा अन्तर्राष्ट्रियस्तरका सुविधा, आधुनिक सेवा र ठूलो क्षमताका सम्मेलन तथा विवाह समारोहका लागि विशेष हल रहनेछ ।

परियोजनामा ऊर्जा व्यवसायी काजी लामा, व्यवसायी सुदीप चौधरी, ऊर्जाविद् उदयकान्त झा तथा ज्ञानेन्द्र ढुङ्गाना लगायतको संयुक्त लगानी रहने जनाइएको छ ।

भूमि पूजन कार्यक्रममा बोल्दै मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले परियोजनालाई प्रदेशकै गौरवसँग जोडेर हेर्नुपर्ने बताए । उनले निजी क्षेत्रको यस्तो लगानीले आर्थिक गतिविधि बढाउने र रोजगारी सिर्जनामा टेवा पुर्‍याउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा धनुषा–३ का प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधाममा पहिलो पाँचतारे होटल निर्माण हुनु सकारात्मक कदम भएको उल्लेख गर्दै लगानीकर्तालाई विकासका साझेदारका रूपमा हेर्नुपर्ने धारणा राखे । उनले धार्मिक पर्यटन प्रवद्र्धनका लागि बुद्ध एयर मार्फत जनकपुर–अयोध्या उडानको तयारी भइरहेको जानकारी पनि दिए ।

त्यसैगरी, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले शहरलाई व्यवस्थित, आकर्षक र लगानीमैत्री बनाउने योजनाअनुसार पूर्वाधार विकास र सडक सञ्जाल विस्तारलाई प्राथमिकता दिइएको बताए ।

प्रख्यात उद्योगपति उपेन्द्र महतोले जनकपुरधामको सांस्कृतिक तथा धार्मिक महत्त्व अद्वितीय रहेको उल्लेख गर्दै यस्ता परियोजनाले त्यसको अन्तर्राष्ट्रिय मूल्य अझ बढाउने धारणा व्यक्त गरे ।

पर्यटन, होटल तथा सेवा क्षेत्रमा ठूलो लगानी भित्र्याउने उद्देश्यसहित अघि बढाइएको यस परियोजनाले जनकपुरधामलाई राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको छ । साथै, यसबाट स्थानीय अर्थतन्त्र सुदृढ हुनुका साथै सयौँको संख्यामा रोजगारी सिर्जना हुने विश्वास गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन